# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ०८ | काठमाडौं | बिहीबार, १८ वैशाख २०८२ | Prabhab National Daily | Thursday, May 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# अन्ततः सहमतिमा टुंगियो शिक्षक आन्दोलन

## सरकार र शिक्षक महासंघबीच नौ बुँदे सहमति



नेपाल शिक्षक महासंघका पदाधिकारी र शिक्षा तथा विज्ञान मन्त्रालयका मन्त्री रघुजी पन्तबीच भएको सहमतिका नौ बुँदा स्वीकार गर्ने निर्णय भएको छ।

**पृथ्वीसुब्बा गुरुङ**
प्रवक्ता, नेपाल सरकार



यो भन्दा अघिको सबै सहमति उधारो थिए। यो सहमति तपाईंहरूको हातमा नगद छ। सम्हालेर प्रयोग गर्नुहोला। सरकारले धेरै उदारता देखाएको छ

**रघुजी पन्त**
शिक्षामन्त्री



तोकिएको समयमा ऐन जारी नभएमा नेपाल शिक्षक महासंघ फेरि अहिलेभन्दा कडा सडक आन्दोलनमा जान बाध्य हुने छ।

**लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक महासंघ



**प्रभाव संवाददाता**

**काठमाडौं–** चैत २० गतेदेखि काठमाडौंमा अन्दोलनमा उत्रिएका शिक्षकको मागलाई अन्ततः सम्बोधन गर्न सरकार सहमत भएको छ। शिक्षा ऐनको मागसहित सडकमा उत्रिएको शिक्षक महासंघसँग सरकारले बुधबार साँझ सहमति गरेको हो।

शिक्षा मन्त्रालय र शिक्षक महासंघबीच भएको नौ बुँदे सहमति बुधबारको मन्त्रिपरिषद्ले स्वीकार गर्ने निर्णय गरेको सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए। 'नेपाल शिक्षक महासंघका पदाधिकारी र शिक्षा तथा विज्ञान मन्त्रालयका मन्त्री रघुजी पन्तबीच भएको सहमतिका नौ बुँदा स्वीकार गर्ने निर्णय भएको छ,' सरकारका प्रवक्तासमेत रहेको सञ्चारमन्त्री गुरुङले भने।

शिक्षकका अधिकांश माग पूरा भए पनि शिक्षा ऐनमा भने उधारो सहमति गर्दै शिक्षक विद्यालय फर्केका छन्। शिक्षा ऐन असार १५ भित्र पारित गर्ने गरी सत्तापक्ष दल नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे, नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला र शिक्षा समितिका सभापति अम्मरबहादुर थापाले प्रतिबद्धता जनाएका छन्।

तोकिएको मितिमा नयाँ विद्यालय शिक्षा ऐन जारी नभए कडा आन्दोलनमा जाने चेतावनी शिक्षक महासंघले दिएको छ।

'नयाँ विद्यालय शिक्षा ऐन २०८२ असार १५ गतेभित्र प्रतिनिधिसभाबाट पारित गर्न शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति र सत्तापक्षका संसदीय दलका प्रमुख सचेतकहरूबाट मिति वैशाख १७ गते लिखित प्रतिबद्धता व्यक्त

क्रमशः पृष्ठ २ मा

### यी हुन् सहमतिका नौ बुँदा

१) शिक्षकहरूको स्वास्थ्य उपचारका सम्बन्धमा काठमाडौंमा अवस्थिखत निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीलाई सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने।

२) अस्थायी प्रकृतिका शिक्षक- राहत, अस्थायी, साविक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ताको बिरामी बिदा सञ्चित हुने र सो बापतको रकम अवकाश भएका बखतमा एकमुष्ट प्राप्त गर्ने।

३) प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकेबमोजिम व्यवस्था गर्ने।

४) आगामी आर्थिक वर्ष २०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकहरूका लागि निजामतीसरह ग्रेड संख्या र रकम कायम गर्ने।

क्रमशः पृष्ठ २ मा

# सर्वोच्चका शाखा अधिकृतको अनधिकृत पत्रले रेशम पाँच घण्टा थुनामा

## न्यायालय र हतारमा पक्राउ गर्ने प्रहरीमाथि उठ्यो गम्भीर प्रश्न

- फर्जी पत्र पठाउने शाखा अधिकृत महिमानसिंह विष्ट हिरासतमा
- जनमत–नाउपा एकता स्थगित, सरकारबाट बाहिरियो नाउपा




पाँच घण्टा हिरासतमा परेर छुटेपछि रेशम चौधरी (बायाँ) र अनधिकृत पत्र पठाउने सर्वोच्च अदालतका शाखा अधिकृत महिमानसिंह विष्ट।

**जेबी योञ्जन**

**काठमाडौं–** मधेस र पश्चिम तराईमा गत आमनिर्वाचनमा जनताले मतपत्रमार्फत विद्रोह गर्दा दुई नयाँ दल संसद्मा देखिए- जनमत र नागरिक उन्मुक्ति पार्टी (नाउपा)। जनमत मधेसका जनता र नाउपा पश्चिम तराईका जनताका 'रोज्जा' दल हुन्।

विकल्पका रूपमा जनताले अघि सारेका यी दुई दल एकतातिर उन्मुख छन्। नाउपा संरक्षक रेशमलाल चौधरी सर्वोच्चका एक कर्मचारीको 'प्रतिशोधपूर्ण र अनधिकृत पत्र'का आधारमा बुधबार अपराह्न १ बजेअघि पक्राउ नपरेको भए सोही दिन एकता घोषणा भइसक्ने थियो। किनभने प्रज्ञा भवन कमलादीमा एकता घोषणासभाको चाँजोपाँजो भइसकेको थियो। नेता कार्यकर्ता भेला हुँदै थिए। उनीहरू एकता उत्सव मनाउने तयारीमा थिए। तर, उनीहरूलाई क्रोधित पार्नेगरी रेशमको पक्राउ भयो।

रेशलाई पक्राउका लागि सर्वोच्च अदालतबाट प्रहरीलाई पत्र पठाउने मुद्दा तथा रिट महाशाखाका अधिकृत महिमानसिंह विष्ट हुन्। उनले अनधिकृतरूपमा इजलासबाट भएको आदेशकै भाषामा आफैंले पत्र लेखी प्रहरीलाई दिएको रहस्य एक घण्टापछि खुल्यो। सर्वोच्चमा विष्टको पत्रले खैलाबैला मच्चियो। हतारमा सर्वोच्चले एउटा पत्र लेख्दै विष्टको पत्र अनधिकृत भन्दै रेशमलाई रिहा गर्न भनियो। सर्वोच्चको पत्र लिएर काठमाडौं प्रहरी कारागार कार्यालय डिल्लीबजारमा साढे तीन बजेतिर पुग्यो। त्यसबेलासम्म नाउपा अध्यक्ष तथा रेशमकी श्रीमती रञ्जिता, बुबा लालवीर, जनमत अध्यक्ष डा. सिके राउतलगायत कारागार कार्यालयमा पुगिसकेका थिए। दुवै दलका कार्यकर्ताहरू नाराबाजी गर्न पुगेका थिए। अपराह्न ४ बजेतिर सर्वोच्चका प्रवक्ता अच्युतराज कुइँकेलले विज्ञप्ति जारी गरे।

क्रमशः पृष्ठ २ मा

### रेशम पक्राउ–रिहा 'टाइमलाइन'

- दिउँसो करिब १:०० बजे प्रज्ञा भवनबाट पक्राउ
- डिल्लीबजार कारागार चलान
- नाउपा र जनमत एकता घोषणा प्रभावित
- दिउँसो २:३० तिर पक्राउको पत्र अनधिकृत भएको खुलासा
- दिउँसो ३:०० बजेपछि सर्वोच्चको पत्र कारागार कार्यालयमा
- करिब ४:०० बजे पत्र अनधिकृत भन्दै सर्वोच्चको विज्ञप्ति
- साँझ ५:३० बजेपछि रेशम रिहा



जसरी अनधिकृत पत्र पठाउने र पक्राउ गराउने काम भयो, यसले न्यायालयमाथि गम्भीर प्रश्न उब्जिएको छ। एक जना कर्मचारीलाई रिस उठेको भरमा यसरी पत्र जाने स्थिति भए त्यसले न्यायालयमाथिको भरोसा संकटमा पर्छ। यसलाई म न्यायालयको चुक मान्छु। प्रहरी गम्भीर नबन्दाको परिणाम मान्छु।

**विजयप्रसाद मिश्र**
अध्यक्ष, नेपाल बार एसोसिएसन

**सन्दर्भ: वैदेशिक रोजगार**

# १५ मुलुकसँग श्रम सम्झौताको प्रयास युरोपेली मुलुकले देखाएनन् चासो

- १५ वटा देशसँग श्रम सम्झौताको प्रस्ताव
- प्रस्तावितमध्ये १२ मुलुक युरोपका
- युरोपेली मुलुकबाट नेपालसँग सम्झौता गर्न चासो नदिँदा समस्या
- साउदी, कुवेत, इजरायल, कतार, मलेसियालगायतका मुलुकसँगको श्रम सम्झौता नवीकरणमा अलमल

**ममता थापा**




**काठमाडौं–** वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउन श्रम सम्झौताको प्रस्ताव गरिएका देशको संख्या १५ पुगेको छ। पछिल्लोपटक गत वैशाख १३ गते बोस्निया र हर्जगोभिनासँग श्रम सम्झौताको विषयमा छलफल भएसँगै सम्झौताको विषय अगाडि बढाइएका मुलुकको संख्या १५ पुगेको हो। जसमा युरोपका बोस्नियासहित अल्बानिया, क्रोएसिया, लक्जम्बर्ग, माल्टा, साइप्रस, पोल्याण्ड, पोर्चुगल, सर्बिया, बेल्जियम, अस्ट्रिया र मोन्टेनेग्रो गरी १२ मुलुक रहेका छन्। त्यस्तै एसियाका ब्रुनाइ, माल्दिभ्स तथा युरेसियाको टर्की रहेको छ।

प्रस्तावित मुलुकमध्ये मोन्टेनेग्रो र अल्बानियासँग दोहोरो छलफल अघि बढिसकेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ। पछिल्लो समय रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति लिएरै विभिन्न मुलुक जानेहरू बढेसँगै सरकारले त्यस्ता मुलुकसँग श्रम सम्झौताको प्रस्ताव अघि बढाएको हो। उदीयमान श्रम गन्तव्य मुलुकसँग सम्झौता गरेर वैधानिक हिसाबबाट श्रमिक पठाउने सरकारको लक्ष्य छ।

उताबाट सम्झौताको प्रस्ताव आएको मुलुकचाँहि अस्ट्रियामात्र रहेको जनाइएको छ। त्यहाँ गैरकानुनीरूपमा बसेका कामदारलाई फर्काउने उद्देश्यले सम्झौताको प्रस्ताव गरेको मन्त्रालयको वैदेशिक रोजगार व्यवस्थापन महाशाखाले जनाएको छ। अन्यथा, उताबाट सम्झौताका लागि प्रस्ताव नै नआउने महाशाखाका एक अधिकारीले बताए। युरोपका न्यून आय भएका मुलुकमा छिर्न सके कर तिरेको आधारमा विकसित मुलुकमा प्रवेश गर्न पाइने भएकाले नेपालीहरूका लागि युरोप आकर्षक श्रम गन्तव्य बन्न थालेको छ।

खाडीको गर्मीबाट श्रमिकलाई युरोपतिर 'सिफ्ट' गर्न पाए उनीहरूले सेवासुविधा पनि तुलनात्मक रूपमा राम्रो पाउने बताइँदै आइएको छ। तर युरोपका मुलुकहरूले नेपालजस्तो अल्पविकसित मुलुकसँग श्रम सम्झौताको विषयमा खासै चासो भने नदेखाएको ती अधिकारीले बताए। 'नेपाललाई पो आफ्ना श्रमिक धेरै कमाइ हुने, सुरक्षित देशमा जाउन् भन्ने हुन्छ तर यहाँबाट श्रमिक लैजाने कुरामा उनीहरूले खासै ध्यान दिएका छैनन्। प्रस्तावित सबै मुलुकसँग सम्झौता गर्न धेरै समय लाग्नसक्छ,' उनले भने।

पूर्वी युरोपका देशहरूले भने केही चासो देखाएको उनको भनाइ छ। नेपालको 'इन्टरनेसलन रिकग्निसन' राम्रो नभएकाले पनि विकसित मुलुकले वास्ता नगरेको उनले बताए। खाडी मुलुक भने सस्तो ज्यालामा श्रमिक पाउने र नेपालीहरू इमान्दार हुने भएकाले नेपालसँग सम्झौता गर्न तयार हुने उनको भनाइ छ।

नेपाली श्रमिकहरू श्रम सम्झौताविनै विश्वका १७८ देशमा रोजगारीका लागि पुगिसकेका सरकारी तथ्यांक छ। यीमध्ये अहिलेसम्म १२ वटा देशसँग मात्र द्विपक्षीय सम्झौता भएको छ। कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मरिसस, युनाइटेड अरब इमिरेट्स (युएई), इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग नेपालले सम्झौता गरेको छ। नेपाली श्रमिक धेरै पुगेका मुलुसँग पनि सम्झौता हुन सकेको छैन भने कतिपय मुलुकसँग श्रम सम्झौता नवीकरण हुन बाँकी छ।


जनहितमा जारी सन्देश

हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ।

- घरको संरचना बलियो बनाऔं।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं।
- छतमा गमला बाधेर मात्र राखौं।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# प्रधानमन्त्रीसमक्ष एकीकृत समाजवादीको मागपत्र



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेकपा एकीकृत समाजवादीले मुलुकको आर्थिक, सामाजिकलगायत क्षेत्रमा सुधारका लागि बुधबार मागपत्र बुझाएको छ। प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेटेर सो पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहितका पदाधिकारीले मागपत्र बुझाएका हुन् ।

मागपत्रमा 'सुशासन र रोजगारी, समाजवादको तयारी' को नाराका साथ कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि, पूर्वाधार, सुशासन, विदेश नीति, संविधानको पुनरावलोकनका लागि सुझाव दिइएको छ । गत चैत १५ गतेको तीनकुने घटनाका क्रममा एकीकृत समाजवादीको कार्यालयमा तोडफोड भएकाले त्यसको उचित क्षतिपूर्तिका लागि पनि अध्यक्ष नेपालले सरकारसँग माग गरे ।

मागपत्र बुझ्दै प्रधानमन्त्री ओलीले आगामी आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटको पूर्वसन्ध्यामा सुझावहरू प्राप्त भएकामा धन्यवाद दिँदै नीति तथा कार्यक्रमको अन्तिम तयारी भइसकेकाले बजेट निर्माणका क्रममा यी सुझावलाई समेट्ने कोसिस गर्ने विश्वास दिलाए । प्रधानमन्त्री ओलीले प्रतिगामी र अतिवादी तत्वहरूका अवाञ्छित क्रियाकलाप भइरहेको सन्दर्भमा त्यस्ता क्रियाकलापको विरोध हुनुपर्नेमा जोड दिए ।

प्रतिनिधिमण्डलमा अध्यक्ष नेपालका साथ वरिष्ठ नेता प्रवेश हमाल, वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, उपाध्यक्षहरू प्रकाश ज्वाला, डा. गंगालाल तुलाधर, भानुभक्त जोशी, महासचिव घनश्याम भुसाल, सचिव सावित्राकुमारी भुसाललगायत सहभागी थिए ।

# 'कानुनी उपचारले मात्र छाउपडी प्रथा निवारण सम्भव छैन'

**काठमाडौं (प्रस)–** छाउपडी प्रथाको निवारण कानुनी उपचारले मात्र सम्भव नहुने सरोकारवालाले सुझाव दिएका छन् । बुधबार यहाँ ग्रिन तारा नेपाल तथा ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्र (रिड नेपाल)द्वारा आयोजित कार्यक्रममा छाउपडी प्रथा स्थानीय संस्कृति, परम्परासँग सम्बन्धित भएकाले बाह्य तथा आन्तरिक कारणले प्रभाव पार्ने गरेको जनाइएको छ ।

सुरक्षित महिनावारी र प्रजनन स्वास्थ्यमा पहुँचका लागि खप्तड छाना गाउँपालिका, बझाङ तथा खप्तड छेडेदह गाउँपालिका बाजुरामा जनचेतनामूलक कार्यक्रम सञ्चालनको चार वर्ष पूरा गरेको अवसरमा यसका उपलब्धि र चुनौती सार्वजनिक गरिएको थियो। रिड नेपालका देशीय निर्देशक भीम बोगटीले महिनावारी र प्रजनन स्वास्थ्यमा सुधारहरू देखिएको बताए । सामाजिक मूल्यमान्यता, धार्मिक विश्वास तथा परम्परागत प्रचलनले जरो गाडेकाले छाउपडी प्रथा अझै प्रचलित रहेको उनको भनाइ छ।

'व्यवहार परिवर्तन भनेको लामो समयसम्म निरन्तर चलिरहने प्रक्रिया भएकाले सरोकारवालाबाट उत्प्रेरणा, नियमित अनुगमन, वकालत तथा सहयोगको आवश्यकता जरुरी देखिन्छ,' परियोजना प्रमुख सलिता गुरुङले भनिन् । रिड नेपालले संघीय जर्मन सरकार बिएमजेड, करुणा जर्मनी तथा करुणा ट्रस्टबाट आर्थिक तथा प्राविधिक सहयोगमा सेप्टेम्बर २०२१ देखि अप्रिल २०२५ सम्म यस क्षेत्रमा उक्त परियोजना सञ्चालन गरेको थियो ।

नेपालमा छाउपडी प्रथाको अन्त्य २०६४ सालमै घोषणा भएको थियो । तर छाउपडी तथा महिनावारीसम्बन्धी गाउँ वा समुदायअनुसार भिन्नभिन्न प्रकारका व्यवहारहरू अझै प्रचलनमा छन् ।

## पृष्ठ १ बाट क्रमशः

### सर्वोच्चका...

त्यहाँ उनले विष्टको पत्रबारे लेख्दै भने, 'त्यो पत्र सर्वोच्चको आधिकारिक थिएन । उहाँ (विष्ट) को व्यक्तिगत निर्णयका आधारमा गएको थियो ।' सर्वोच्चको पत्र पुगेपछि कारागारबाट रेशम साढे ५ बजे रिहा भए । उनको रिहा हुँदा नेता कार्यकर्ताको नाराबाजी भयो । नेपाल बार एसोसिएसनका अध्यक्ष विजयप्रसाद मिश्र विष्टले पत्र पठाएर रेशमलाई पक्राउ गराएको घटना गम्भीर भएको बताए । यसलाई उनी न्यायालयको चुक मान्छन् । प्रहरी पनि गम्भीर नबन्दाको परिणामको रूपमा अर्थ्याउँछन् । 'जसरी अनधिकृत पत्र पठाउने र पक्राउ गराउने काम भयो, यसले न्यायालयमाथि गम्भीर प्रश्न उब्जिएको छ । एक जना कर्मचारीलाई रिस उठेको भरमा यसरी पत्र जाने स्थिति भए त्यसले न्यायालयमाथिको भरोसा संकटमा पर्छ,' उनले प्रभावसँग भने, 'यसलाई म न्यायालयको चुक मान्छु । प्रहरी गम्भीर नबन्दाको परिणाम मान्छु ।'

विष्टको पत्रका आधारमा रेशमको पक्राउले सत्ता गठबन्धनमै असर गर्‍यो । कांग्रेस-एमाले गठबन्धन सरकारबाट नाउपा बाहिरिएको छ । जनमतका अध्यक्ष डा. सिके राउतले बुधबार दिउँसो २ बजे रेशमको पक्राउले पार्टी एकता स्थगित गरेको स्टाटस लेखे । उनले भने, 'एकीकरण कार्यक्रम स्थगित गरिएको छ ।'

नाउपा-जनमत एकताका लागि विभिन्न चरणमा वार्ता भएको थियो। पार्टी नाम नागरिक जनमत पार्टी (नाजपा) र शीर्ष नेताहरूको जिम्मेवारी बाँडफाँटसमेत टुंगो लागेपछि बुधबार पार्टी एकता घोषणा हुँदै थियो । एकतापछि नाजपा मधेस जनाधार भएर प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबैभन्दा ठूलो दल हुँदै थियो । नाजपाको प्रतिनिधिसभामा १० सिट हुने थियो ।

मधेस आन्दोलनको मूल शक्ति जसपा नेपाल (पाँच सिट) र सोही दलबाट फुटेर बनेको दल जसपा (सात सिट) भन्दा ठूलो दल बन्ने क्रममा थियो । तर, रेशमको अप्रत्यासित पक्राउले दुई दलीय एकता रोकिएको हो ।

रेशमलाई पक्राउ गर्न पत्र पठाउने विष्ट हाल काठमाडौं प्रहरीको हिरासतमा छन् । टीकापुर घटनामा मारिएकाहरूको आत्माले पोलेकाले आफूले चौधरीलाई राष्ट्रपतिले दिएको आममाफी नमिलेको आदेश भएको भन्दै पत्र पठाएर पक्राउ गराएको स्वीकार गरेको काठमाडौंका प्रहरी प्रवक्ता अपिलराज बोहराले बताए ।

विष्टले भनेको टीकापुर घटना ७ भदौ २०७२ मा भएको थियो। थरुहट आन्दोलन र अखण्ड सुदूरपश्चिम आन्दोलन चर्किएको बेला घटना भएको थियो। त्यसबेला राज्य पुनर्सरचनाका लागि प्रदेशको सीमांकन र नामकरण दुवै विषय विवादित थियो। त्यहीबीच टीकापुर घटना भएको थियो ।

घटनामा एक दुधे बालक, नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित सात जनाको हत्या भएको थियो । यो घटनामा रेशमलाई मुख्य अभियुक्त बनाइएको थियो । उनलाई तीन तहकै अदालतबाट जन्मकैदको सजाय सुनाइएको थियो । तर, १५ जेठ २०८० मा सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले उनलाई कैद माफी दिएका थिए। त्यसपछि रिहा भएका उनी पार्टी राजनीतिमा क्रियाशील हुन खोज्दै थिए ।

पार्टीमा अध्यक्ष हुने उनको ठूलो धोको छ। गत वर्ष गृहजिल्ला कैलालीमा पार्टीको पहिलो महाधिवेशन गराएर अध्यक्ष बने । तर, निर्वाचन आयोगले उनलाई वैधानिकता दिएन । त्यसपछि अध्यक्षमा श्रीमती रञ्जिता श्रेष्ठले नै निरन्तरता पाइन्। पार्टी नेतृत्वका लागि श्रीमान्-श्रीमतीबीच विवाद भयो । यहीबीच मधेसबाट गत आमनिर्वाचनमा उदाएको दल जनमतसँग नाउपा एकता गर्न विभिन्न चरणको वार्ता, छलफल र संवादपछि तयार भयो ।

जनमत उपाध्यक्ष अब्दुल खानका अनुसार पार्टीमा नेतृत्वको बाँडफाँटदेखि राजनीतिक तथा सैद्धान्तिक पक्षमा सहमति जुटेपछि एकता घोषणा गर्ने अवस्थामा आइपुगेको थियो, जुन प्रभावित भयो ।

■■■

### अन्ततः...

भएकोले तोकिएको समयमा विद्यालय शिक्षा ऐन जारी हुने विश्वास लिएका छौं,' शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तोकिएको समयमा ऐन जारी नभएमा नेपाल शिक्षक महासंघ फेरि अहिलेभन्दा कडा सडक आन्दोलनमा जान बाध्य हुने छ ।'

यता शिक्षामन्त्री रघुजी पन्तले भने सरकारले धेरै उदारता देखाएर शिक्षकको माग पूरा गरेको बताए। पन्तले शिक्षकहरूसँग सरकारले पहिलोपटक नगद सहमति गरेको बताए। 'यो भन्दा अघिको सबै सहमति उधारो थिए । यो सहमति तपाईंहरूको हातमा नगद छ । सम्हालेर प्रयोग गर्नुहोला। सरकारले धेरै उदारता देखाएको छ,' पन्तले भने । यो सहमतिसँगै सरकारलाई आठ अर्ब रूपैयाँ भार पर्ने देखिन्छ।

राहत दरबन्दीमा कार्यरत उच्च माविमा कार्यरतसहित शिक्षकको बिरामी बिदाका लागि २७ करोड ८७ लाख ८९ हजार रूपैयाँ शिक्षक र कर्मचारीलाई निजामती अस्पतालमा उपचारमा उपचार खर्चका लागि ८६ करोड ७८ लाख रूपैयाँ रकम चाहिने उल्लेख छ। यता प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई न्यूनतम मासिक १७ हजार ५०० रूपैयाँ तलब दिँदा सबैभन्दा धेरै छ अर्ब ३७ करोड ३८ लाख ११ हजार रूपैयाँ खर्च लाग्ने देखिन्छ । यसैगरी राहत शिक्षकका लागि अन्य शिक्षकसरह स्थानीय भत्ताको दुर्गमभत्ता ४० करोड ६७ लाख ७९ हजार रूपैयाँ आवश्यक पर्ने महासंघले जनाएको छ । देशको आर्थिक अवस्था कमजोर हुँदाहुँदै अर्थमन्त्री विष्णु पौडेलले मन फराकिलो पारेको शिक्षामन्त्री पन्तले बताए ।

#### विद्या भट्टराईको तारिफ

यसअघि शिक्षकको माग पूरा गर्न आठ अर्ब रूपैँ रकमबारे निवर्तमान शिक्षामन्त्री विद्या भट्टराई र अर्थमन्त्री पौडेलबीच सहमति भइसकेको थियो। वैशाख ७ गतेको मन्त्रिपरिषद्बाट उक्त निर्णय आउने आशासमेत गरिएको थियो । तर उक्त मन्त्रिपरिषद्बाट कुनै निर्णय नआएपछि भोलिपल्टै भट्टराईले मन्त्रीबाट राजीनामा दिइन् ।

अर्थमन्त्री पौडेलले नसघाएकै कारण भट्टराईले राजीनामा दिएको बताइन्छ । भट्टराईको राजीनामापछि भने शिक्षक महासंघ नयाँ शिक्षामन्त्री पन्तसँग वार्तामा जुटेको हो । शिक्षकसँग सहमतिपछि आयोजना गरिएको पत्रकार सम्मेलनमा गृहमन्त्री रमेश लेखकले सुरुमै निवर्तमान शिक्षामन्त्री भट्टराईको तारिफ गरे । 'निवर्तमान शिक्षामन्त्रीलाई पनि विशेष धन्यवाद । उहाँले सात बुँदे मन्त्रिपरिषद्मा प्रस्तुत गर्नुभएको हो । उहाँको विशेष भूमिका छ,' लेखकले भने ।

गृहमन्त्री लेखकको मन्तव्यपछि शिक्षामन्त्री पन्तले पनि भट्टराईको तारिफ गर्न भ्याए। 'शिक्षामन्त्रीको राजीनामामा म खुसी थिइनँ। विद्या भट्टराईको लामो क्रियाशीलताको जगमै यो सफल भएको हो । सात बुँदे तयार पार्नुभएको उहाँले नै हो। यसैमा टेकेर हामीले नौ बुँदे बनायौं,' पन्तले भने ।

■■■

### यी हुन् ...

५) स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी, करार साविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने ।

६) सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने ।

७) नेपाल सरकारको मर्यादाक्रम सूचीमा शिक्षकहरूलाई समावेश गर्ने ।

८) नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, कर्मचारी तथा पत्रकारहरूको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने ।

९) निम्न माध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षकसरह हुनेगरी कायम गर्ने ।

**बिमालेख हरायो**

मिति २०८१/१२/२० गते गोलधापबाट चन्द्रगढी जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सविता देवी सापकोटा (विष्ट)**
**बिमालेख नं.: २००००८३८७**
**एल आइ सी (नेपाल) लिमिटेड**
**ठेगाना : गोलधाप-४, झापा**
**सम्पर्क नं : ९८४१३४६१९४**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना !**

(दोस्रो पटक प्रकाशित मिति २०८२/०१/१८)

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१९ को स्वीकृत पत्रको आधारमा यस कम्पनीको साविक नाम डिजिलट पसल (प्रा.लि.नं.२५४५९४) परिवर्तन भई डिजिटल पसल प्रा.लि. कायम भएको साथै साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर र अन्य दायित्व समेत परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

DIGITAL PASAL
**डिजिटल पसल प्रा.लि.**
काठमाडौं म.न.पा.-३२, काठमाडौं ।
इमेलः websitepasal@gmail.com
प्यान नं.: ६०९९२३४३८
सम्पर्क नं.: ९८४८६३१३२६

**युएइमा रोजगार** कम्पनी : **AL BUSTAN FOR PARTIES ORGANIZATION**

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पून: विज्ञापन स्वीकृति मिति : २०८२/०१/१७ | LT. No. 321406 | चलानी नं. ६०२३५७४८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | HELPER GCC | 30 | 0 | 1000 | ३७,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २५ गते (8th May. 2025) मा हुनेछ ।
नोट: साथै यस कम्पनीको लागि Shuttering carpenter, Mason र Steel fixer को पनि माग भइ आएको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSI Govt.Lic. No 1677/080/081
**YUSI INTERNATIONAL SERVICES PVT. LTD.**
Nagarjun municipality-2, Pabitra Basti, Kathmandu, Nepal, T: +977-01-5920204, 9820151398, 9820151400
Email:- info@yusiinternational.com, Web: www.yusiinternational.com

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, १८ वैशाख, २०८२**

| | |
|---|---|
| **मेष** | सामाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।सुखद |
| **कुम्भ** | समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ वैशाख, २०८२ (०१, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.१३ | १३६.७३ |
| युरो | १ को | १५४.९४ | १५५.६३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८२.२५ | १८३.०५ |
| स्विस फ्रैन्क | १ को | १६४.९९ | १६५.७१ |
| अस्ट्रेलियन डलर | १ को | ८७.१२ | ८७.५१ |
| क्यानाडियन डलर | १ को | ९८.३० | ९८.७३ |
| सिङ्गापुर डलर | १ को | १०३.९२ | १०४.३८ |
| जापानी येन | १० को | ९.५५ | ९.५९ |
| चिनियाँ युआन | १ को | १८.७२ | १८.८० |
| साउदी अरब रियाल | १ को | ३६.२९ | ३६.४५ |
| कतारी रियाल | १ को | ३७.३५ | ३७.५१ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०६ | ३७.२२ |
| मलेसियन रिङेट | १ को | ३१.४६ | ३१.६० |
| दक्षिण कोरियन वन | १०० को | ९.४८ | ९.५२ |
| स्विडिस क्रोनर | १ को | १४.१२ | १४.१८ |
| डेनिस क्रोनर | १ को | २०.७६ | २०.८५ |
| हङकङ डलर | १ को | १७.५५ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४४.५५ | ४४६.५१ |
| बहराइन दिनार | १ को | ३६१.१२ | ३६२.७१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अचार बनाउने तालिम** | तनहुँको भानु नगरपालिकामा सञ्चालित अचार बनाउने तालिममा सहभागी महिला । भानु नगर उद्योग वाणिज्य संघ महिला उद्यमी समिति र पर्यटन उद्योग कार्यालय दमौलीको आयोजनामा महिलालाई आत्मनिर्भर बनाउन तालिम आयोजना गरिएको हो । *तस्बिर: कृष्ण न्यौपाने/रासस*

# चाँगुनारायण मन्दिरमा मनाइयो रथजात्रा

**भक्तपुर–** चाँगुनारायण मन्दिरमा पाँच दिनसम्म चल्ने चाँगुनारायण, छिन्नमस्ता र किलेश्वर महादेवको खट जात्रा बुधबार भव्य रूपमा मनाइएको छ । पाँच दिन अगाडि निम्तो पूजा दिएर सुरु भएको यो जात्रा त्रयोदशीदेखि सुरु भएर मातातीर्थका दिन खटजात्रा गरी अक्षय तृतीयासम्म पाँच दिन मनाइने चाँगुनारायण मन्दिरका मूल पुजारी चक्रधरानन्द राजोपध्यायले जानकारी दिए ।

बुधबार अक्षय तृतीयाका दिन चाँगुनारायण, किलेश्वर महादेव र कान्ति भैरवका खट लहरै चाँगुमा बिसाएर सर्वसाधारणका लागि पूजा गर्ने व्यवस्था गरिएको उनले बताए । मन्दिरमा बुधबार बिहानैदेखि दिनभरि नै देवताको पूजा गर्न भक्तजनको भीड लागेको थियो । बुधबार साँझ तीनवटै खटमा झल्लर फुलेका माला र पताः चढाएर सिंगारेर खटजात्रा गरिएको छ भने जात्रा सम्पन्न गरेसँगै देवतालाई देवघरमा भित्र्याइएको मूल पुजारी राजोपाध्यायले जानकारी दिए ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले यो जात्रा सञ्चालनका लागि नगरपालिकाले सहयोग गर्दै आएको जनाउँदै जात्रा र पर्वमा आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य बनाउन नगरपालिकाले नगरकोट भ्रमण वर्ष-२०८२ को आयोजना गरेको बताए । उनले विश्व सम्पदा सूचीमा रहेको चाँगुनारायणको महिमा विश्वभर फैलाउने र यहाँ वर्ष दिनभरि लाग्ने मेला पर्वमा पनि पर्यटकलाई आकर्षित गर्न नगरपालिकाले विभिन्न कार्यक्रम अगाडि सारेको बताए ।

पाँच दिनसम्म चल्ने जात्राको पहिलो दिन कसाइ जातिले चाँगुनारायणबाट बाजा-गाजासहित काठमाडौंको डाँछीस्थित कान्तिभैरवमा गई पूजा गर्छन् । दोस्रो दिन भात पकाइ भातबाटै भैरव, कालीलगायतका देवताको प्रतीक बनाएर पूजा गरिन्छ ।



चाँगुनारायण मन्दिरभित्रको छिन्नामस्ता (टाउको नभएकी देवी)बाट भैरवको मूर्ति र भातबाट बनाइएका देवतालाई कान्तिभैरव मन्दिरमा लगेर पूजा गरिन्छ । यसो गरेमा अनिकाल कहिल्यै नहुने विश्वास रहेको पुजारी राजोपाध्याय बताउनुहुन्छ । त्यसैदिन कान्तिभैरवबाट मूर्तिलाई चाँगुनारायण ल्याइ काली र भैर वसँगै राखी पूजा गरिन्छ ।

वैशाख कृष्णपक्ष त्रयोदशीका दिन नाइके खलकले चाँगुनारायण, किलेश्वर महादेव र कान्ति भैरव देवताको खटजात्रा भव्य रूपमा मनाउन नायिखं बाजा बजाइ भ्याली पिट्दै नगर परिक्रमा गर्ने परम्परा छ । चाँगुनारायण, किलेश्वर महादेव र कान्ति भैरव (कालभैरव) को खटजात्रा गरेर इकुटोलमा पुर्‍याएर स्थानीयको पूजाका लागि राख्ने गरिन्छ । स्थानीयले देवतालाई विधिपूर्वक पूजा गरिसकेपछि चाँगुनारायण र किलेश्वर महादेवको खटजात्रा भव्य रूपमा मनाइएको छ ।

विभिन्न गुठीका गुठियारले धिमे, नायिखं, दाफा र विभिन्न बाजा बजाउँदै जात्रा गर्दै बलम्बु टोलमा देवतालाई राख्ने प्रचलन छ । भैरवलाई बलि दिएर पूजा गर्ने र चाँगुनारायण एवं किलेश्वर महादेवलाई नैवेद्य चढाएर पूजा गरिएको छ । वैशाख शुक्लपक्ष प्रतिपदाका दिन भट्टवारीबाट मतयाः गर्ने भन्दै बत्ती झलमल पारेर बाल्ने र राजारानीको प्रतीकको रूपमा देवतालाई विभिन्न किसिमका गहनाले सिँगारेर बाजा बजाउँदै नगर परिक्रमा गराएर जात्रा मनाउने परम्परा छ ।

राति देवताका खट बाकेर बाजा बजाउँदै रातभर जात्रा गरिन्छ भने बलि दिएर देवताका पूजा गरिन्छ । यो प्रक्रिया पाटनका राजा योगनरेन्द्र मल्लले गरेको विश्वास गरिन्छ । छोराको मृत्युपछि वीरक्तिएका राजा ३२ रानीसहित चाँगुनारायणमा बस्न आएका र उनीहरू पनि यस जात्रामा सहभागी भई बाजा-गाजासहित गाउँ परिक्रमा गरेको किंवदन्ती रहेको छ । त्यही साँझ मत् (दियो) जात्रा गरी बाजा-गाजासहित आरती गर्ने प्रचलन छ ।

वैशाख शुक्ल द्वितीयाका कान्ति भैरवलाई नगर परिक्रमा गराएर काठमाडौंको डाँछी, ब्रह्मखेल, नयाँगाउँ, भद्रवासदेखि साँखुसम्म लगेर रातभर त्यही राखेर जात्रा गरिने र भोलिपल्ट मात्रै चाँगुनारायण फर्काउने परम्पराअनुसार जात्रा चलाइएको मूल पुजारी रोजोपाध्यायले बताए । यसरी जात्रा गर्दा चाँगुनारायण र किलेश्वर महादेवको खटलाई भुइँमा बिसाउनु हुँदैन भन्ने किंवदन्तीअनुसार रथ बोकेरै जात्रा गरिन्छ । जात्रा बुधबार राति सम्पन्न भएको छ ।

जात्राका बारेमा स्वयम्भू महापुराणमा उल्लेख गरेअनुसार परापूर्वकालमा श्री किलेश्वर महादेवलाई समन्तभद्र बोधिसत्वको प्रतीकका रूपमा र नैरात्मा गुहचेश्वरीको प्रतीकका रूपमा कान्ति भैरवलाई लिएर चाँगुनारायण र काठमाडौंवासीले जात्रा मनाउने गरेका थिए । त्यसबेलादेखि नै दुई जिल्लाबीच यो जात्रासँगै चल्ने गरेको बताइन्छ । बौद्ध र हिन्दूको बीचमा जात्रामा समन्वय भएको महापुराणमा उल्लेख रहेको छ । *रासस*

# 'इन साइट अफ लाइभ २०३०' अन्तर्राष्ट्रिय सम्मेलन सुरु

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालमा विश्वका आँखा सेवा प्रदायक संस्थाहरूको सम्मेलन सुरु भएको छ । इन्टनेसनल एजेन्सी फर 'द' प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी) द्वारा नेपालमा पहिलोपटक आयोजित सो 'इन साइट अफ लाइभ २०३०' नामक अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वभरका अन्धोपन निवारण तथा आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत आइएपिबीका सदस्य संस्थाका प्रतिनिधि सहभागिता रहेको छ । आँखा स्वास्थ्य क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय परोपकारी संस्था, आँखा अस्पताल, शैक्षिक संस्थान, व्यावसायिक संघ र कर्पोरेट संस्था मुख्यतया आइएपिबिका सदस्य रहन्छन् ।

नेपालमा आइएपिबीका सदस्य संस्थामा नेपाल नेत्रज्योति संघ, नेपाल आँखा अस्पताल, तिलगंगा आँखा प्रतिष्ठान र बिपी आई फाउण्डेसन रहेका छन् । विश्वभरिका आँखा स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाको छाता संगठनका रूपमा रहेको आइएपिबीले अन्तर्राष्ट्रियरूपमा आँखा स्वास्थ्यको क्षेत्रमा वकालत गर्दै आइरहेको छ ।

आँखा स्वास्थ्य क्षेत्रमा विश्वव्यापीरूपमा सहकार्यलाई प्रवर्द्धन गर्ने, नेतृत्वलाई प्रेरित गर्ने र वकालतलाई सशक्त बनाउने हेतुले हरेक वर्ष विभिन्न देशमा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने गर्दछ । सन् २०२४ को आइएपिबी सम्मेलन मेक्सिकोमा आयोजना गरिएको थियो । आइएपिबीको दक्षिण पूर्वी एसियाका प्रमुख युद्धध्वज सापकोटाका अनुसार सम्मेलनमा करिब १०० राष्ट्रका ५०० जनाले सहभागिता रहेको जनाइएको छ । नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रका अनुसार उक्त सम्मेलनमा विशेषगरी सन् २०३० सम्ममा विश्वमा आँखा स्वास्थ्यका क्षेत्रका लागि आवश्यक रणनीति तथा योजनाका विषयमा छलफल हुने छ ।

संघका महासचिव भरतबहादुर चन्दले सम्मेलनले नेपालको आँखा उपचार सेवालाई विश्वव्यापीकरण गर्नुका साथै देशको पर्यटन विकासमासमेत महत्त्वपूर्ण टेवा पुर्‍याउने बताए । उनले भने, 'इन साइट अफ लाइभ २०३० नेपालमा आयोजना हुनु हामी सबैका लागि गर्वको विषय हो, यसले हाम्रो देशको आँखा उपचार सेवालाई विश्व समुदायसम्म पुर्‍याउन मद्दत गर्नुका साथै नेपालको पर्यटन विकासमासमेत महत्त्वपूर्ण हुने छ ।'

संघअन्तर्गत हाल देशभरमा २८ आँखा अस्पताल, १६० आँखा उपचार केन्द्र तथा ४५ जिल्ला शाखा सञ्चालनमा छन् । स्थापनादेखि हालसम्म संघले नेपाली नागरिक तथा अन्य देशका गरी कूल चार करोड ३६ लाख २६ जना आँखाका बिरामीलाई उपचार गरिसकेको छ । ५१ लाख ३३ हजार ६५९ जनाको आँखाको शल्यक्रिया गरिसकेको छ ।

## आँखा स्वास्थ्यलाई बिमा कार्यक्रममा समायोजन गरिने छ : प्रधानमन्त्री

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा आँखा स्वास्थ्यलाई समायोजन गर्ने बताएका छन् । आँखा स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्थाहरूद्वारा बुधबार यहाँ आयोजित 'इन साइट अफ लाइभ २०३०' नामक अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उनले दिगो विकास लक्ष्यहरूप्रति प्रतिबद्धता जनाउँदै विशेषगरी दृष्टि गुमाउने जोखिममा रहेकालाई ध्यानमा राखेर प्राथमिक स्वास्थ्य सेवा प्रणाली र आवश्यक सेवामा आँखा स्वास्थ्यको समायोजनलाई प्राथमिकता दिइएको बताए ।

नेपालमा सन् २०२२ मा बच्न सकिने अन्धोपनको द्रुत मूल्यांकन पूरा भएको र यसले हाम्रा राष्ट्रिय प्राथमिकतालाई मार्गदर्शन गर्न सघाएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले स्वास्थ्य क्षेत्र रणनीतिक योजनामा सन् २०३० प्रभावकारी मोतियाविन्दु शल्यक्रिया कभरेज ३५/४५ बाट बढाएर ७५ प्रतिशतसम्म गर्ने प्रतिबद्धता राखिएको अवगत गराए । उनले यस यत्रामा कुनै पनि मुलुक एक्लै हिंडेर गन्तव्यमा पुग्न नसक्ने भएकाले विश्वव्यापी सहकार्यमा जोड दिए ।

आँखा स्वास्थ्यलाई अब सार्वजनिक स्वास्थ्य पूर्वाधारको एक हिस्सारूपमा लिइएको बताउँदै उनले विद्यालय तहबाट दृष्टि परीक्षण र नर्स कार्यक्रम सञ्चालन गरी शिक्षामा समानता र लैंगिक पहुँच विस्तार गरिएको पनि बताए ।

### 'आँखा स्वास्थ्यमा नेपालको उल्लेखनीय प्रगति'

सोही कार्यक्रममा बोल्दै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आँखा स्वास्थ्यमा नेपालले विश्वमा नै फड्को मारेको बताए । उनले विश्वव्यापी आँखा स्वास्थ्य सेवाको लक्ष्य प्राप्त गर्नतर्फ काम गरिरहेको उल्लेख गरे ।

मन्त्री पौडेलले आँखा नेपालमा आँखा उपचार नवीन उपचार पद्धति रहेकोसमेत बताए । उनले सहरीकरण, बुढ्यौली र जीवनशैली परिवर्तनले आँखा स्वास्थ्य सेवाको माग बढाइरहेको बताए । उनले दक्षिण-पूर्वी एसियामा अन्धोपन अझै पनि उच्च रहेको जनाउँदै सम्मेलनले आँखा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति गर्नुपर्ने आवश्यकता औंल्याए । मन्त्री पौडेलले भने, 'आँखा सेवा पहुँच सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालयले उच्च प्राथमिता दिएको छ ।'

उनले नेपालले आँखा उपचारलाई अझ सुधार गर्नका लागि राष्ट्रिय स्वास्थ्य प्रणालीमा एकीकृत गर्ने तथा विद्यालय, कार्यस्थल र समुदायमा बलियो साझेदारी निर्माण गर्ने जानकारी दिए । नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. चेतराज पन्तले समुदायस्तरमा गुणस्तरीय आँखा स्वास्थ्यको पहुँच पुऱ्याउन संघले अनवरत प्रयास गरिरहेको जानकारी दिए ।

# नेपाल र अजरबैजानबीच पहिलोपटक राजनीतिक परामर्श बैठक

**काठमाडौं (प्रस)–** नेपाल र अजरबैजानका परराष्ट्र मन्त्रालयबीच पहिलोपटक राजनीतिक परामर्श बैठक बुधबार काठमाडौंमा सम्पन्न भएको छ । बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्रसचिव अमृतबहादुर राईले तथा अजरबैजान गणराज्यका उपविदेशमन्त्री एलनुर मम्मादोभले आ-आफ्नो प्रतिनिधिमण्डलको नेतृत्व गरेका थिए ।

बैठकमा दुवै पक्षले नेपाल-अजरबैजान सम्बन्धका समग्र पक्षहरूको समीक्षा गर्दै आगामी दिनहरूमा यी सम्बन्धहरूलाई थप सुदृढ पार्ने प्रतिबद्धता पुनःपुष्टि गरेका परराष्ट्र मन्त्रालयले जनाएको छ । बैठकमा द्विपक्षीय सहयोग तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा सहकार्यलगायत पारस्परिक हितका विषयहरूमा पनि छलफल भएको थियो । दुवै पक्षले व्यापार तथा लगानी, पर्यटन तथा संस्कृति, शिक्षा, जलवायु परिवर्तन तथा स्वच्छ ऊर्जालगायत क्षेत्रहरूमा द्विपक्षीय सहयोगलाई थप अभिवृद्धि गर्ने उपायहरूबारे छलफल गरेका मन्त्रालयले जनाएको छ । दुई देशका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउन नियमित संवादका लागि द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने विषयमा पनि छलफल भएको थियो ।

बैठकपश्चात्, परराष्ट्रसचिव राईले उपविदेशमन्त्री मम्मादोभ तथा उनको प्रतिनिधिमण्डलको सम्मानमा रात्रिभोजको आयोजना गरेका थिए । आफ्नो नेपाल भ्रमणका क्रममा उपविदेशमन्त्री मम्मादोभले उच्चस्तरीय व्यक्तित्वहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । उनी लगानी बोर्ड नेपालद्वारा आयोजना गरिने एक गोलमेच छलफलमा सहभागी हुने तथा एक छुट्टै कार्यक्रममा अजरबैजानको परराष्ट्र नीतिबारे प्रवचन दिने कार्यक्रम पनि रहेको छ । उपविदेशमन्त्री मम्मादोभ र उनको प्रतिनिधिमण्डल यही वैशाख २० गते काठमाडौंबाट प्रस्थान गर्ने छ ।


**बिमालेख हरायो**

मिति २०८१/१२/२० गते चावहिलबाट ढोलाहिटी जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : उमा प्रसाई**
**बिमालेख नं.: ११००७५०९८**
**एल आइ सी (नेपाल) लिमिटेड**
**ठेगाना : ढोलाहिटी, ललितपुर**
**सम्पर्क नं : ९८४१३१५८८३**



**कर्णाली प्रदेश सरकार**
**उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय**
**उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय**
**कर्णाली प्रदेश, दैलेख**

**फर्म खारेज सम्बधी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा**

सूचना प्रकाशित मिति : २०८२/०१/१८

प्रस्तुत विषयमा यस कार्यालयमा मिति २०७८/०९/०६ गते दर्ता गरिएको प्रा.फ.नं. ४४०४/०७८/०७९ को श्री दिनेश खाजा नास्ता क्यान्टिन दुल्लु नगरपालिका वडा नं.- ८ दैलेखका प्रोप्राईटर तपाई श्री दिनेश कुमार कार्की उक्त फर्म खारेजी गरी पाउँ भनि मिति २०८२/०१/०३ गते यस कार्यालयमा पेश गर्नु भएको निवेदन सम्बन्धमा, सो फर्म खारेजीका लागि प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम १ बमोजिम फर्म खारेजीका लागि पेश गर्नुपर्ने आवश्यक कागजात र ऐ. नियमावलीको नियम १२ को उपनियम २ बमोजिम सो उद्योगसँग कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए पैतीस दिनभित्र सोको प्रमाणसहित लिखित रुपमा दावी पेश गर्ने सम्बन्धमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी उक्त सूचनाको एक प्रति समेत संलग्न राखी यस कार्यालयमा पेश गर्नुहुन जानकारी गराईन्छ ।



**Surnaya Rural Municipality**
**Office of Rural Municipal Executive**
**Rauleshwar, Baitadi**
**Farwest province, Nepal**

**Invitation for Electronically Sealed Quotation for the following**

**Sealed Quotation First Time publication Date : 2082/01/18 (1 May. 2025)**

| Project Title | Sealed quotation No. | Cost of Bid Documents | Estimate Amount With Vat | Bid Security Amount | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| Procurement of Supply and Delivery of Sanitary Pad | SRM/GOOD-SPAD/SQ/02/2081/082 | Nrs. 1,000.00 | Nrs. 1365322.50 | Nrs. 35000.00 | 2082/02/04 12:00 Noon | 2082/02/04 14:00 PM |
| Bank Account details | **Name of the Bank :** Nepal Investment Mega Bank Ltd, Satbaj Branch. Baitadi<br>**Name of Office** : Surnaya Rural Municipality Office, **Office Code No.**80774506300<br>**Office Account no. : 06501400250016 For Bid Document Fee and 06501040250351 for Bid Security Fee.** | | | | | |

For further Detail and Information, Please Visit **www.bolpatra.gov.np/egp**, **info@sunaryamun.gov.np** and Mobile **no.9848750936** or, **no.9861156907**

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महिमानको पछि लागेर मनमौजी

बुधबार सर्वोच्च अदालतले अचम्मको पुर्जी लिएर रेशम चौधरीलाई पक्राउ गर्न पुग्यो । यो पत्र अध्ययन नै नगरी काठमाडौं प्रहरीले पनि चौधरीलाई पक्रेर ल्यायो । डा. सिके राउतको जनमत पार्टीसँग एकताको तयारीमा रहेको नागरिक उन्मुक्तिका संरक्षक चौधरी नेपाल प्रज्ञा प्रतिष्ठान पुग्दै थिए । सोही क्रममा उनी पक्राउ परे ।

कतिपय मिडियाले उनलाई पुरानै मुद्दामा पक्राउ परेका हुन् भनेर समाचार लेखे भने कतिले उनलाई पक्राउ गर्नुको कारण खोजे । निकै सोधपुछपछि सर्वोच्च अदालतले के पत्ता लगायो भने आफ्नै कार्यालयका शाखा अधिकृत महिमानसिंह विष्टले मनमौजी पत्र काटेर उनलाई पक्राउ गर्न पुगेका रहेछन् । २०८० जेठ १४ मा सरकारको सिफारिसमा राष्ट्रपतिले आममाफी दिएपछि चौधरी थुनामुक्त थिए ।

उनै चौधरीलाई मनमौजी पक्राउ गर्न महिमान एक्लै पुगेका रहेछन् । उनको पत्रको अध्ययन नै नगरी काठमाडौं प्रहरी परिसरका डिएसपी प्रह्लाद कार्की नै खटिएका रहेछन् । त्यसपछि त प्रक्रिया बुझ्दाबुझ्दै चौधरी पाँच घण्टा प्रहरीको नियन्त्रणमा परे । उनलाई छुटाउन उनको दल, राज्यमन्त्री रहेका अरुण चौधरी सरकार छड्नसमेत तयार भए ।

सर्वोच्चको यो पत्र प्रकरणले अदालत र प्रहरीमाथि सर्वसाधारणले कसरी हेर्ने ? न्याय सम्पादन गर्ने सर्वोच्च संस्था र यसलाई कार्यान्वयनका लागि सघाउने नेपाल प्रहरीको कार्यक्षमता, निर्णय क्षमतामाथि प्रश्न उठेको छ । अनधिकृत पत्र लेख्ने महिमानलाई त प्रहरीले पक्राउ गरेको छ । तर उनको गल्तीलाई विनाअध्ययन कार्यान्वयन गर्न जाने प्रहरीको कदमलाई कसरी लिने ? यस विषयमा पनि गम्भीर भएर सोच्नुपर्ने अवस्था आएको छ ।

पत्रकारितामा अचेल 'फ्याक्ट चेक' अर्थात् तथ्य जाँच अति आवश्यक भइसकेको छ । कारण डिपफेक, मिसइन्फरमेसन, डिसइन्फरमेसनका कारण पत्रकार सिकार भइरहेका छन् । जसका कारण भरपर्दो स्रोतविना समाचार प्रकाशन/प्रसारण नगर्ने संहिता नै हुन्छ । यसबाट पत्रकारिता पेसा निकै मर्यादित हुँदै आएको छ । यही पाठ नेपाल प्रहरीले पनि सिक्नुपर्ने देखिन्छ । पाइयो भन्दैमा छोपिहाल्ने भन्दा पनि पत्रको विश्वसनीयता, चेन अफ कमाण्ड, माथिल्लो निकायको सूचनामा पनि प्रहरीले ध्यान दिनुपर्ने देखियो । यता सर्वोच्चले जुनसुकै कर्मचारीले पत्र चलाउन मिल्ने वा तोकिएका अधिकारीको पत्रमात्र प्रहरीले बुझ्ने कोड भाषा प्रयोग गर्नेजस्ता विषय अभ्यासमा ल्याउनुपर्छ । नभए मुलुककै न्याय सम्पादन गर्ने संस्थाप्रति विश्वसनीयता घट्दै जाने छ ।

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# मजदुरलाई सधैं आश्वासनः रोकिएला त श्रम शोषण ?



■ अप्सरा गौतम

"मुलुकमा श्रमिकको कुरा मजदुर दिवसको दिनमात्र उठ्ने गर्दछ । भुइँ तहबाट उच्च तहमा पुगेको भए पनि कसैले श्रमिकको निम्ति ठोस कदम चाल्न सकेका छैनन् । त्यसैले मजदुर दिवस अथवा मे १ तारिखका दिन हरेक वर्ष प्रभातफेरि, ऱ्याली, सभामा मात्र मजदुरको हक हितका पक्षमा चर्का भाषणबाजी गरेर मे दिवस मनाउनुमा कुनै सार्थकता छैन । वैदेशिक रोजगारीका चुनौतीलाई हटाउँदै थप व्यवस्थित र भरपर्दो बनाउन प्रभावकारी कदम चाल्नुपर्छ ।

आज 'मे दिवस' अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवस । यो दिवस प्रत्येक वर्ष मे १ का दिन विश्वभरि मनाइन्छ । यो दिवस सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित सुरु भएको हो । अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना हुनुअघि मजदुरलाई वस्तुको रूपमा हेरिन्थ्यो । कमभन्दा कम तलब दिइन्थ्यो । ज्याला, तलब दिने प्रचलन १९औं शताब्दीपछि सुरु भएको हो । मजदुरसँग आश्रित परिवारलाई बेवास्ता गरिन्थ्यो । एउटा वर्गले अर्को वर्गमाथि शोषण गर्ने गरेको थियो ।

सन् १९१९ मा अन्तरर्राष्ट्रिय श्रम संगठनको स्थापना भयो। त्यसपछि आइएलएलोले आफ्नो स्थापनाकालदेखि नै श्रमिकहरूको हक अधिकारका लागि काम गर्दै आएको छ । विश्वका धेरै मुलुक आर्थिक समृद्धितर्फ लागेपछि श्रम क्षेत्र विस्तार हुँदै गयो । श्रमबजारमा श्रमिकको माग बढ्दै गयो । नेपाल सन् १९६६ देखि नै औपचारिक रूपमा आइएलएलोसँग आबद्ध छ । नेपालको मजदुर दिवसको इतिहासअनुसार नेपालमा श्रमिकले यो दिवस २०४७ सालपछि मात्र मनाउन थालेको पाइन्छ । २०६४ सालदेखि अन्तर्राष्ट्रिय मजदुर दिवसको दिन सरकारले आधिकारिकरूपमा सार्वजनिक बिदा दिन थालेको हो ।

नेपालको संविधानअनुसार श्रम गरी आफ्नो जीविकोपार्जन गर्ने हरेक व्यक्ति श्रमिक हुन् । श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर हुन् । आज विश्वका मजदुरले यस दिवसलाई पर्वका रूपमा लिँदै आफ्ना हक अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउँदै छन् । तर, दैनिक ज्यालामा दिनभरि श्रम गर्ने मजदुरलाई यो दिवसको बारेमा न हिजो थाहा थियो न आज । राजनीतिक दलका नेताहरूले सस्तो लोकप्रियताका लागि काम नगरी मनपरि बोलेर भ्रम छर्ने प्रवृत्तिका कारण जनताको नेतामाथि हेर्ने नजर नै गलत भइसकेको छ ।

आफ्ना हक र अधिकारहरूको प्रयोग मजदुर वर्गले कहिले अनुभव गर्न पाउलान् ? संविधानबाट मजदुरको हक अधिकार र स्वतन्त्रता मौलिक हकका रूपमा स्थापित भए पनि कार्यान्वयन पक्ष फितलो हुँदा शब्दमामात्र सीमित छन् । विडम्बना प्रत्येक वर्ष श्रमका लागि बाहिरिने युवाहरूलाई देशमा नै रोजगारको अवसर सिर्जना गर्न सकिएको छैन । दैनिक औसत दुई हजार नेपाली रोजगारीका लागि विदेश उडिरहेका छन् । झण्डै ५० लाख नेपाली श्रमिक विश्वका विभिन्न मुलुकमा श्रम बेचिरहेका छन् । विदेसिएका कतिपय श्रमजीवी मजदुरहरूको ज्यालामात्र होइन कामको पनि कुनै ग्यारेण्टी छैन । कतिपयले काम गर्दागर्दै ज्यान गुमाएका छन् । अंगभंग भएका छन् । उनीहरूको कुनै बिमा हुँदैन । त्यो वर्गमा पर्ने मजदुरको आवाज राज्यले नसुने कसले सुनिदिने ?



सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक दिवस

जनताका लागि जनताद्वारा चुनिएका तीन तहको सरकार छ । यो समयमा सरकारले आफ्नो उपस्थिति र सरकारको अनुभूति दिलाउने सुनौलो मौका पनि हो । अब पनि राज्यले तत्काल कदम नचाल्ने हो भने श्रमिक वर्गको अवस्था अझै नाजुक हुने निश्चित छ । यस्तो श्रमिक दिवस जतिपटक आए पनि कागलाई बेल पाक्यो, हर्ष न विस्मात भनेजस्तै हुने छ । सरकारले श्रम शक्तिलाई समय र प्रविधिमैत्री बनाउन तालिम, प्रशिक्षण र सीप सिकाइको मौका प्रदान गर्न स्थानीय तहबाट सुरुआत गरेको छ । तर त्यति मात्रले पुग्दैन रोजगारी सिर्जना पनि गर्नुपर्छ । पछिल्लो समय काममा प्रविधिको प्रयोग बढ्दो छ । समाजको चरित्र बदलिएको छ, कामदार 'हार्ड वर्क'भन्दा 'स्मार्ट वर्क' गर्न रुचाउँछन् । काममा कम्प्युटर, इण्टरनेट, रोबोट र आर्टिफिसियल इण्टेलिजेन्स (एआई) जस्ता आधुनिक प्रविधिको बढ्दो प्रयोगले पुरानो सीप प्रयोगहीन हुने र पहिलाको तुलनामा थोरै मानव साधनबाट त्यति नै काम सम्पन्न गर्न सकिने अवस्थाले रोजगारी कटौतीको अवस्थासमेत आइरहेको छ ।

अधिकांश श्रमिकले भोगिरहेका समस्यामध्ये एक हो, पारिश्रमिक । सरकारले न्यूनतम पारिश्रमिक १७ हजार ३०० रूपैयाँ तोकिदिएको भए पनि नियमनको अभावका कारण श्रमिक न्यून तलबमा काम गर्न बाध्य छन् । यता, कानुनले तोकेबमोजिमको सेवासुविधाबाट पनि श्रमिक वञ्चित छन् । श्रमिकको हक अधिकारको संरक्षणका लागि मुलुकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र त्यस मातहतका निकाय स्थापना गरिएको छ । तर, ती निकायले पनि श्रमिकको हक अधिकारको सुनिश्चितता गर्न सकेका छैनन् ।

मुलुकमा श्रमिकको कुरा मजदुर दिवसको दिनमात्र उठ्ने गर्दछ । भुइँ तहबाट उच्च तहमा पुगेको भए पनि कसैले श्रमिकको निम्ति ठोस कदम चाल्न सकेका छैनन् । त्यसैले मजदुर दिवस अथवा मे १ तारिखका दिन हरेक वर्ष प्रभातफेरि, ऱ्याली, सभामा मात्र मजदुरको हक हितका पक्षमा चर्का भाषणबाजी गरेर मे दिवस मनाउनुमा कुनै सार्थकता छैन । वैदेशिक रोजगारीका चुनौतीलाई हटाउँदै थप व्यतवस्थित र भरपर्दो बनाउन प्रभावकारी कदम चाल्नुपर्छ । बढ्दो बेरोजगारीको समस्यालाई क्रमशः हटाउन आमयुवालाई रोजगारीको व्यवस्था गर्नुपर्छ ।

राजनीतिक दलहरू जनताप्रति वफादार र इमान्दार भएर देश निर्माणमा चिन्तित र गम्भीर हुँदै भाषणलाई होइन कामलाई महत्त्व दिने बेला आएको छ । अब मजदुरको हकहितका लागि भन्दै चर्का भाषणबाजीलाई बहिष्कार गरेर कामलाई प्राथमिकता, मजदुरलाई उचित सुविधा, काम गर्ने संस्कार र काम गर्नेप्रति सम्मानको भावना विकास गरौं ।

# मजदुर दिवस : श्रमिकको संघर्ष सम्झने दिन



■ विविशा पौडेल

"श्रमिक दिवस केवल उत्सव वा बिदा मनाउने दिन होइन । श्रमिकहरूको आवाज साकार पार्ने, सरकार र निजी क्षेत्रलाई श्रमिक अधिकारको स्मरण गराउने र सामाजिक न्यायको माग गर्ने अवसर हो । श्रमिकको सम्मान, सुरक्षा र न्याय सुनिश्चित गरिएमात्र सकारात्मक परिणाम सम्भव छ ।

आज १३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवस । हरेक वर्ष मे १ तारिखलाई विश्वभर 'अन्तर्राष्ट्रिय मजदुर दिवस' को रूपमा मनाइन्छ । जसलाई केही देशहरूमा श्रमिक दिवस वा 'मे दिवस'को रूपमा पनि मनाइन्छ, श्रमिक र श्रमिक वर्गको उत्सव हो, जुन अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनद्वारा प्रचारित छ र प्रत्येक वर्ष मे १, वा कुनै देशहरूमा मे महिनाको पहिलो सोमबारमा पनि मनाउँछन् । यो दिवसमा अधिकांश देशमा सार्वजनिक बिदा दिने चलन छ भने केही देशमा बिदा दिइँदैन । यो दिवस श्रमिकहरूको ऐतिहासिक संघर्ष, त्याग र अधिकार प्राप्तिका लागि लडाइँको सम्झनामा मनाइन्छ । श्रमिकको हकअधिकारको सुनिश्चितताका लागि दबाब दिने उद्देश्यले हरेक वर्ष श्रमिक दिवस मनाइँदै आइएको छ । श्रम र श्रमिकको सम्मान गर्ने, उनीहरूको योगदान सम्झिने र अझ न्यायपूर्ण, सुरक्षित र समान अवसर सुनिश्चित गर्ने प्रतिबद्धतामा जोड दिन मनाउने गरिन्छ ।

मजदुर आन्दोलनको प्रारम्भ बेलायतबाट भएको पाइन्छ । तर सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित सुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर श्रमिक दिवस मनाइन्छ । सो आन्दोलनको क्रममा सिकागोको हेय मार्केट भन्ने ठाउँमा बम विष्फोट भएको र बम विस्फोट कसले गराएको भन्ने नखुले पनि प्रहरीले आन्दोलनरत मजदुरमाथि व्यापक दमन गरेको थियो । प्रहरीको गोली लागि सात जना मजदुरको मृत्यु भई मजदुर आन्दोलनले त्यसपछि सफलतासमेत हासिल गऱ्यो । सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम संगठन एवं श्रमिक नेताको बैठकले विश्व श्रमिक दिवस विश्वभर मनाउने निर्णय गरेको हो । त्यसयता सन् १८९० देखि हरेक वर्ष अंग्रेजी महिनाको मे १ तारिखमा श्रमिक दिवस मनाउन सुरु गरियो । विश्वका मजदुरले यस दिवसलाई पर्वका रूपमा लिँदै आफ्ना हकअधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गर्छन् ।

नेपालमा पनि मजदुर संगठनले विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरेका छन् । विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै यो दिवस मनाइन थालिएको हो । २०४६ सालको राजनीतिक परिवर्तनसँगै नेपालमा यो दिवसमा सार्वजनिक बिदा दिन थालिएको पाइन्छ । साथै सबै प्रकारका श्रमिकको हक अधिकार सुरक्षित गरिनु यस दिवसको मूल उद्देश्य रहेको छ । श्रमिक अधिकारको व्यवस्था नेपालको संविधानमासमेत समावेश गरिएको छ । उक्त व्यवस्था कार्यान्वयन गर्न सरकारले ल्याएको श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । मजदुरले आफ्नो रगत, पसिना र श्रम बेचेर मिहेनतको कमाइ खाने श्रमिकको पर्वको रूपमा यो दिवस रहेको छ । श्रमिक दिवस श्रमिकको हक, अधिकार र स्वतन्त्रतालाई सामूहिकरूपमा सुनिश्चितता गरी विश्वभरका श्रमिकलाई एकताको सूत्रमा बाँध्न सहयोग गर्ने र सम्पूर्ण श्रमिकहहरूको एकता, वीरता र संघर्षको प्रतीक मानेको पाइन्छ । पूँजीपति वर्गद्वारा मजदुरलाई मेसिनभैं चौबीसै घण्टा काममा लगाउने र अत्यन्तै न्यून पारिश्रमिक दिई अमानवीय व्यवहार गर्ने परिपाटीका विरुद्ध संगठित भएको ट्रेड युनियन आन्दोलनलाई मे दिवसका दिन विशेष चर्चा गर्ने गरिन्छ । आजका दिनमा विश्वमै मजदुरका पक्षमा बोल्ने ट्रेड युनियनहरूले मजदुरका पक्षमा आवाज उठाउने गर्छन् ।


मजदुरको वर्तमान अवस्था हेर्दा नेपालजस्तो विकासोन्मुख देशमा अझै पनि श्रमिकहरू श्रमको उचित मूल्यबाट वञ्चित छन् । निर्माण, उद्योग, ढुवानी, घरेलु काम, वैदेशिक रोजगार, होटल र कृषि क्षेत्रमा कार्यरत श्रमिकहरू न्यून पारिश्रमिक, असुरक्षित कार्यस्थल र सामाजिक सुरक्षाको अभावमा पनि काम गर्न बाध्य छन् । कतिपय निर्माण क्षेत्रका श्रमिक अत्यधिक जोखिममा काम गर्ने तर न्यूनतम ज्याला पाउने गरेका छन् । त्यस्तै वैदेशिक रोजगारीमा जाने श्रमिक घरेलु हिंसा, श्रम शोषण र स्वास्थ्य जोखिमको सिकार बनेका छन् ।

साथै, घरेलु कामदारले अनौपचारिक क्षेत्रभित्रको कार्य गर्नुपर्ने भएकाले कुनै कानुनी संरक्षण छैन । यस्ता चुनौतीहरूको सामना गर्दै श्रमिक आन्दोलन कानुनी मान्यता प्राप्त भएको पाइन्छ । त्यसमा नेपालको संविधान, २०७२ ले श्रमिकलाई संगठित हुने, माग प्रस्तुत गर्ने, हड्ताल गर्ने अधिकार दिएको छ । श्रम ऐन २०७४ ले न्यूनतम ज्याला, कामको समय, बिदा, सामाजिक सुरक्षा, ट्रेड युनियन अधिकार सुनिश्चित गरेको छ । तर यी कतिपय कागजीरूपमा मात्र सीमित भएर व्यवहारमा अधिकारको पूर्णकार्यान्वयन नभएकाले अझै चुनौतीपूर्ण छ ।

प्रविधिको द्रुत विकासले पनि श्रमिकमाथि चुनौती सिर्जना गरेको छ । डिजिटल प्रविधिको आगमनले कार्यशैली बदलिएको छ । प्रविधिगत परिवर्तनले केही श्रमिकलाई रोजगारीबाट विस्थापित पनि गरिरहेको छ । त्यसैले प्रविधि र मानव श्रमबीचको सन्तुलन कायम राख्दै श्रमिकको सीप अभिवृद्धि गर्ने नीति आवश्यक छ । साथै, महिलाहरूले गरेको योगदान मूल्यांकन हुन सकेको छैन ।

महिला श्रमिक अझ बढी दोहोरो शोषणको सिकारमा परेका छन् । लैंगिक भेदभावसँगै श्रम शोषण भोग्न बाध्य छन् । महिलाले घरेलु कामदेखि हरेक क्षेत्रमा योगदान गरिरहेको भए पनि निर्णय गर्ने तहमा उनीहरूको सहभागिता न्यून छ । सुत्केरी बिदा, मातृत्व सुरक्षाको कार्यान्वयन कानुनीरूपमा मात्र भएको छ । व्यावहारिक कार्यान्वयन अपूरो नै रहेको देखिन्छ ।

श्रमिक दिवस केवल उत्सव वा बिदा मनाउने दिन होइन । श्रमिकहरूको आवाज साकार पार्ने, सरकार र निजी क्षेत्रलाई श्रमिक अधिकारको स्मरण गराउने र सामाजिक न्यायको माग गर्ने अवसर हो । श्रमिकको सम्मान, सुरक्षा र न्याय सुनिश्चित गरिएमा मात्र सकारात्मक परिणाम सम्भव छ । श्रमिक उत्पादन र देश निर्माणका मेरुदण्ड हुन् । तिनको श्रम, पसिना र बलिदानबाट देश बन्छ । तसर्थ, मजदुर दिवसलाई केवल दिवसको रूपमा सीमित नगरी एउटा सामाजिक परिवर्तनको संवाहकको रूपमा लिने बेला आएको छ ।



**डेउडामार्फत सचेतना** | लागुऔषध नियन्त्रणका लागि देउडा खेलमार्फत सचेतना जगाउँदै हुम्लाको सिमकोट गाउँपालिका–२ ठेहे गाउँमा महिला पुरुष । तस्बिरः दाने बोहरा/रासस

# मुस्ताङमा हिउँचितुवाको आक्रमणबाट आठ च्यांग्रा मरे

**मुस्ताङ–** यहाँ हिउँचितुवाको आक्रमणबाट दुई गोठका आठ च्यांग्रा मरेका छन् । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ धार्काजुङ गाउँमा मंगलबार मध्यरातमा हिउँचितुवाले स्थानीय च्यांग्रा पालक किसानको खोरभित्र पसेर आठ च्यांग्रा मारेको वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिए ।

च्यांग्रा पालक किसान ङातर गुरुङका ५० मध्ये चार खसी र एक माउ गरी पाँच च्यांग्रा हिउँचितुवाको आक्रमणबाट मरेका छन् । हिउँचितुवा मध्यरातमा गाउँभित्रको ढुंगा र माटोले बनेको गोठको क्षेत्रभित्र पसेर च्यांग्रा मारेर क्षति तुल्याएको च्यांग्रा पालक गुरुङको भनाइ छ । हिउँचितुवाको आक्रमणबाट च्यांग्रा मर्दा दुई लाख २० हजार रूपैयाँबराबरको नोक्सान भएको उनले बताए ।

यसैगरी सोही स्थानकै अर्को च्यांग्रा पालक पेम्मा गुरुङ पनि च्यांग्राको माउ र पाठासहित गरी तीन च्यांग्रा हिउँचितुवाको आक्रमण परी मरेका छन् । मध्यरातमा गोठको छतमाथि उक्लिएर गोठमा पसी ५२ च्यांग्राममध्ये तीन हिउँचितुवाले मारेको पशुपालक पेम्बाले बताए । उनका अनुसार अर्को एक पाठोसमेत हिउँचितुवाको आक्रमणबाट घाइते भएको छ । हिउँचितुवाको आक्रमणबाट च्यांग्रा क्षति हुँदा ६५ हजार रूपैयाँभन्दा बढीको घाटा भएको पशुपालक पेम्बाले सुनाए ।

हिउँचितुवाले मुस्ताङको धार्काजुङमा च्यांग्रा मारेको सूचनापछि गाउँपालिकाका अध्यक्ष रिञ्जिङनाम्गेल गुरुङ, वडाध्यक्ष गुरुङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका प्रतिनिधिसहित प्रहरी चौकी कागबेनीबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो । स्थानीय जनप्रतिनिधि, च्यांग्रा पालक, स्थानीय, एक्याप र सुरक्षा निकायको रोहबरमा हिउँचितुवाले मारेको क्षति मूल्यांकन तथा घटनास्थलको विवरणसहितको मुचुल्का उठाउने कार्य भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिए ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका कार्यक्रम व्यवस्थापक एवं हिउँचितुवाविज्ञ डा. मधु क्षेत्रीसमेतले घटनास्थलको अवलोकन गरेका थिए । हिउँचितुवाविज्ञ डा. क्षेत्रीले हिउँचितुवा र मानवबीचको द्वन्द्व न्यूनीकरणका लागि आवश्यक अनुकूलनका उपाय अवलम्बन गर्न सरोकारवाला निकायले ध्यान दिनुपर्ने सुझाए । उनले आहाराको कमीले गर्दा पनि हिउँचितुवा बस्ती नजिकको गोठमा पसेर च्यांग्रा क्षति गर्ने गरेकाले च्यांग्रा गोठ सुधार पहिलो आवश्यकता रहेको औंल्याए । उनले वन्यजन्तुको तथा हिउँचितुवाको जोखिम न्यूनीकरण गराउन उच्च लेक र जंगलमा आहारा बढाउने गरी अनुसन्धान गर्नुपर्ने उल्लेख गरे ।

गाउँपालिका अध्यक्ष गुरुङले मुस्ताङमा मानव र हिउँचितुवाबिचको द्वन्द्व बढ्दै जान थालेकोप्रति चिन्ता व्यक्त गरे । पालिका अध्यक्ष गुरुङले जलवायु परिवर्तनका कारण हिउँचितुवाको आहारा नावर उच्चलेकबाट बेसी झर्न थालेको र त्यसलाई पछ्याउँदै गर्दा हिउँचितुवाले पशु गोठमा क्षति पुऱ्याउने गरेको दाबी गरे ।

उच्च लेकमा खानेपानीको स्रोत घट्ने र चरनक्षेत्रमा घाँस पलाउने कम हुँदा हिउँचितुवाको आहारा नाउर बस्ती नजिक आउने गरेको अध्यक्ष गुरुङले जनाए । स्थानीय किसानको पशुधनको रक्षा गर्न सरोकारवाला कार्यालयले भरपर्दो पूर्वाधार निर्माणमा अनुदानका कार्यक्रम ल्याउन आवश्यक रहेको अध्यक्ष गुरुङले सुझाए । *रासस*

# पिछिडिएका समुदायको उत्थानका लाागि स्वरोजगार कार्यक्रम

**जनकपुरधाम (प्रस)–** धनुषाका पाँच स्थानीय तहका पिछिडिएका समुदायको उत्थानका निम्ति विविध स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिएको छ । 'प्लान इन्टरनेसनल नेपाल' नामक संस्थाले शिक्षा, स्वास्थ्य सेवाका साथै सीपमूलक तालिम प्रदान गरेको हो ।

विदेह, सहिद, कमला, सबैला नगरपालिका र जनकनन्दनी गाउँपालिकामा चार करोड ९८ लाख ७८ हजार रूपैयाँ खर्च गरेर ती कार्यक्रम सञ्चालन गरेको हो । अपांगता भएका, बालबालिका, महिला, युवा तथा बेरोजगारलाई लक्षित गरेर शिक्षा, स्वास्थ्य तथा उद्यमशीलता र रोजगारसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएको संस्थाका कार्यक्रम अधिकृत वेदप्रसाद भूर्तेलले बताए ।

परियोजना सञ्चालित स्थानीय तहहरूमा कार्यक्रम सञ्चालन गर्न आसमान नेपाल, सामुदायिक परिवार कल्याण संघ, जानकी महिला जागरण समाज तथा सपोर्ट नेपालसँग प्लानले साझेदारी गरेको उनले जानकारी दिए ।

# कञ्चनजंघा आधार शिविरमा पहिलो साहसिक साइक्लिङ

**फुङ्लिङ (ताप्लेजुङ)–** ताप्लेजुङको कञ्चनजंघा आधार शिविरमा असम्भव ठानिँदै आएको 'साहसिक साइक्लिङ' यात्रा सम्भव भएको छ। धरान माउन्टेन बाइक नेटवर्कका चारजना साहसी राइडर- अविसेक मादेन, अनिष तामाङ, दीपसागर तामाङ र निमा शेर्पाले कञ्चनजंघा हिमालको दक्षिणी आधार शिविरसम्म साइकल यात्रा गरेर नयाँ साहसिक पर्यटकको गन्तव्यको ढोका खुलाएका हुन् ।



सिरिजंगा गाउँपालिका-८ याम्फुदिनको थुङगिमबाट सुरू भएको यो यात्रामा नयाँ झोरेनी, तरूङदेन, चाइराम, राम्जेर हुँदै ओक्ताङसम्मको कठिन पैदलमार्ग समावेश थियो ।

यो मार्ग कुनै पनि साधारण साइकल यात्रा थिएन । समुद्र सतहदेखि चार हजार ८०० मिटरको उचाइ, साँघुरो पदमार्ग, उकालो ओरालो, ढुंगा र चट्टानले भरिएको बाटो-साहस र धैर्यविना यो सम्भव थिएन । धरानबाट आएका टोलीले यही वैशाख १५ देखि १७ गतेसम्म आयोजित 'कञ्चनजंघा पर्यटन महोत्सव २०८२' को अवसर पारेर साहासिक यात्रा तय गरेको थियो । गाउँपालिकाका उपाध्यक्ष चित्र मावोका अनुसार यसअघि कसैले पनि कञ्चनजंघा आधार शिविरसम्म साइकल कुदाएका छैनन् ।

सिरिजंगा गाउँपालिका-६ सुदापका विष्णु लिम्बू ती यात्राको प्रत्यक्ष साक्षी हुन् । जीवनमा पहिलो पटक आधार शिविर पुगेका लिम्बूले तीव्र हावाको वेगमा पनि नहल्लिने हिमालको दृढताभन्दा बढी चकित उनले देखेका थिए । त्यस हिमाली बाटोमा साइकल उफार्दै उक्लने दृश्य ।

'त्यो अमर र अटल हिमालको काखमा साइकल चलाउनु भनेको अचम्म मात्र होइन, प्रेरणा पनि हो,' उनले भने। यस्तै, भोजपुरकी सरिता राईका लागि त झन् झस्काउने क्षण थियो । 'मैले त साइकल सधैं तराईमा मात्र देखेकी थिएँ । अब त हिमालमा पनि साइकल चल्ने रहेछ, भनेर अचम्ममा परेँ,' उनले सुनाइन् । फुङ्लिङ नगरपालिकाका तारा बराल पनि चकित भए । 'जहाँ बाँदर हिँड्न डराउँछ, त्यहाँ साइकल चलाउनुले अचम्मित तुल्यायो,' उनले भने ।

कञ्चनजंघा आधार शिविर विश्वकै तेस्रो अग्लो र नेपालको दोस्रो अग्लो हिमालको आधार हो । त्यहाँ पुग्ने बाटो प्राविधिक रूपमा जटिल छ-समतल जमिनको कमी, उच्च उचाइमा अक्सिजनको न्यूनता, चिसो र जोखिमपूर्ण भूगोल । यस्ता क्षेत्रमा साइकल चलाउने कल्पना नै कठिन हुन्छ। यही कारणले यो यात्रा विशेष मात्र नभइ ऐतिहासिक पनि हो । साइकल चलाउने राइडरका अनुसार कतिपय स्थानमा साइकल बोक्नुपरेको थियो, तर अधिकांश बाटोमा साइकल चलाउन मिल्यो । र, यो अनुभवले भविष्यमा थप साइक्लिङ अभियानको ढोका खोलेको छ । यात्राले कञ्चनजंघा क्षेत्रको पर्यटनमा नयाँ सम्भावना देखाएको छ ।

अहिलेसम्म पदयात्रा केन्द्रित पर्यटन चलिरहेको यो क्षेत्रमा अब साहसिक खेल, विशेषतः माउन्टेन बाइकिङ, लोकप्रिय हुन सक्छन् । आगामी वर्षमा प्रतिस्पर्धात्मक साइक्लिङ कार्यक्रम आयोजना गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका उपाध्यक्ष मावोले पनि उत्साहजनक प्रतिक्रिया दिएका छन्, 'हामी विदेशी राइडरहरूलाई आकर्षित गर्न सक्ने सम्भावना देखिरहेका छौं । प्रचारप्रसारमा जोड दिइने छ ।' यदि भविष्यमा अन्तर र्ष्ट्रिय साइक्लिङ प्रतियोगिता आयोजना भयो भने, यसले स्थानीय आर्थिक गतिविधि, होटल व्यवसाय, हस्तकला, यातायात सेवालगायतका क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने छ ।

साहसिक कदममात्र होइन, एउटा सन्देश पनि हो, सपना, साहस र मिहेनतले कुनै पनि असम्भव कार्यलाई सम्भव बनाउन सकिन्छ । नेपालका हिमाली भेगमा साहसिक पर्यटनको व्यापक सम्भावना छ । पदयात्रा, अब पर्वतारोहण, रक क्लाइम्बिङ, ट्रेल रनिङ, र माउन्टेन बाइकिङ पनि पर्यटन विकासका प्रमुख पाटो बन्न सक्ने स्थानीयवासीको भनाइ रहेको छ ।

कञ्चनजंघाको हिमाललाई नजिकबाट नियाल्दै, हरेक पाइलामा चिसो हावासँग जुध्दै, उकालो बाटोमा साइकल धकेल्दै र कहिले उफार्दै अघि बढ्ने ती चार साइक्लिस्ट नेपाली साहसिक पर्यटनको गौरव पनि हो । विश्वको तेस्रो अग्लो कञ्चनजंघा हिमालको आधार शिविरमा साइक्लिङ सहरानीय कार्य हो । *रासस*

# लुलाङ-गुर्जा सडकः भालुखोरिया खण्डमा ट्र्याक खुल्यो

**म्याग्दी (प्रस)–** लुलाङ-गुर्जा सडक योजनाअन्तर्गत धवलागिरि गाउँपालिका-१ गुर्जा जोड्ने सडकको १६ किलोमिटर ट्र्याक निर्माण भएको छ । थप पाँच किलोमिटर ट्र्याक निर्माण गरेमा गुर्जा सडक सञ्जालमा जोडिने छ ।



धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालका अनुसार लुलाङबाट देउराली-लत्रवाङ हुँदै भालुखोरियासम्म १६ किलोमिटर ट्र्याक निर्माण भएको छ । लुलाङ-गुर्जा सडकका लागि संघीय, गण्डकी प्रदेश सरकार र धवलागिरि गाउँपालिकाले दुई-दुई करोड रूपैयाँ बजेट विनियोजन गरेकामा तीन करोड ८० लाख रूपैयाँमा ठेक्का सम्झौता भएको उनले जानकारी दिए ।

आव २०७९/८० मा गाउँपालिका र गण्डकी प्रदेश सरकारको लगानीमा लमसुङबाट लुलाङ हुँदै चार किलोमिटर ४०० मिटर सडक मार्ग निर्माण भएको थियो ।

# समूहबाट आर्थिक समृद्धि खोज्दै दाङका महिला

■ रञ्जिता अधिकारी

**देउखुरी (दाङ)–** घोराही उपमहानगरपालिका-८ कटुकीका वसन्ती चौधरी समूहमा आबद्ध भएको दुई वर्ष भयो । उनी जनचेतना महिला कृषक समूहको कोषाध्यक्ष छिन् । समूहमा रहेका २० जनाले सामूहिक खेती गर्ने गरेको उनले बताइन् ।



उनले भनिन्, 'नौ क√ा जमिन भाडामा ल्याएर आलु र प्याजखेती गरेका थियौं, आलु उत्पादन राम्रो भयो र प्याज पनि राम्रो भएको छ, दुईवटा टनेल बनाएर खेती गरेका छौं, कृषि ज्ञान केन्द्र दाङले लक्षित वर्गका लागि बजेट सहयोग गरेको छ ।' सोही कार्यालयले २० जनालाई २० हजार रूपैयाँका दरले बीउपुँजी सहयोग गरेको उनले बताए ।

'समूहमा आबद्ध भएपछि सरकारी कार्यालयमा के-के कार्यक्रम आउँछन्, त्यसका बारेमा जानकारी हुने गरेको छ,' उनले भनिन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र दाङले बंगुरपालनका लागि खोर बनाउन १० लाख रूपैयाँ बजेट सहयोग गरेको उनले बताइन् ।

जनचेतना महिला कृषक समूहकी अध्यक्ष देउकुमारी चौधरीले वित्तीय साक्षरता सिकेर बचत गर्न, लगानी गर्न, ऋण व्यवस्थापन गर्न, आम्दानी र खर्चमा योजना बनाउन जानेको बताइन् । उनले भनिन्, 'सामूहिक काम गर्दा छिटो र छरितो हुने गरेको छ, खेताला लगाउन नपर्ने सजिलै काम सकिने भएको छ ।'

घोराही-१२ का नन्दा योगीले मौरीपालन तालिम लिएर मौरी पाल्न सुरु गरेकी छन् । मुक्त कमलरी विकास मञ्च र सोसेक नेपालले तालिमसँगै पाँच घार मौरी दिएको थियो । मौरीपालन तालिमपछि व्यावसायिक रूपमा पालन सुरु गरेको उनले बताइन् । अहिले उनीसँग १० घार मौरी छन् । उनका अनुसार करिब ८६ किलो मह उत्पादन भएको र सबै बिक्री भएको थियो । रु ५०० देखि रु ६०० प्रतिकिलोमा बिक्री गरेको उनले बताए । गाईवस्तु पालेकोभन्दा सजिलो हुने भएर यो काम राम्रो लागेको उनले बताइन् । उनका अनुसार तालिमपछि क्षमता विकास र वित्तीय साक्षरता पनि भएको छ ।

तुलसीपुर उपमहानगरपालिका-१६ टिक्रालहलौराकी उर्मिला चौधरी पूर्वकमलरी हुन् । उनी प्रगति पशुपालन महिला समूहको अध्यक्ष बनेकी छन् । समूहमा आबद्ध भएपछि उनले च्याउखेतीको तालिम लिइन् । उनले समूहमा आबद्ध भएपछि ३० हजार रूपैयाँ घुम्ती कोषबाट पैसा लिएर च्याउखेती गरिन् । चार सय लोकल कुखुरा र दुई हजार ५०० गिरिराज कुखुरापालन गरेर प्रशस्त आम्दानी गरेको उनले बताइन् । समूहले आम्मनिर्भर बनाएकाले यसैलाई निरन्तरता दिने उनले बताइन् । उनीहरूको ३० जनाको समूह छ । उनका अनुसार घुम्ती कोषको पैसा एक वर्षमा साँवामात्रै फिर्ता गर्नुपर्छ, ब्याज लाग्दैन ।

घोराहीकी उपप्रमुख हुमा डिसीले मुक्तकमलरीसँग सहकार्य गरेर काम गरेको बताइन् । 'विभिन्न तालिम दिएर काम गरेका छौं,' उनले भनिन् । पालिकाभित्र रहेका छाना नभएकालाई मुक्त कमलरीलाई छाना दिने कार्यक्रम रहेकाले छाना नभएकाहरूले पालिकामा सम्पर्क गर्न उनले आग्रह गरिन् । सीप सिकेकालाई स्वरोजगार बन्न पनि उनले आग्रह गरिन् ।

मुक्त कमलरी विकास मञ्चका परियोजना अधिकृत सुवोध चौधरीले मुक्त कमलरी सशक्तीकरण परियोजनाअन्तर्गत प्रत्यक्ष ४६५ जनालाई सहयोग गरेको बताए । उनले दाङका घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका र लमही नगरपालिकामा कार्यक्रम लागू भएको बताए । लक्षित वर्गमा पूर्वकमलरी, सीमान्तकृत तथा असहाय रहेको बताए । महिलाहरूले समूह बनाएर व्यावसायिक कामबाट आम्दानी गर्न थालेको उनले जानकारी दिए । *रासस*


युएइमा रोजगार — कम्पनी : NATIONAL SECURITY GUARDS LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१७ | LT. No. 302993 | चलानी नं. ६०२१७८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 36 | 0 | 1200 | ४४,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २५ गते (8th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९

युएइमा रोजगार — कम्पनी : ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१७ | LT. No. 309953 | चलानी नं. ६०२२४७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil labour | 5 | 0 | 1500 | ५५,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | CONSTRUCTION CARPENTER | 18 | 0 | 1500 | ४४,५०५ | | | | | | | |
| 3 | METAL STRUCTURE INSTAL WORKER | 7 | 0 | 1500 | ४४,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २५ गते (8th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74
SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

युएइमा रोजगार — कम्पनी : Kawader International For Employment Services Llc

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१७ | LT. No. 316177 | चलानी नं.६०२३०४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 35 | 0 | 900 | ३३,३८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 35 | 0 | 1200 | ४४,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २५ गते (8th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851196634, 9867835681, 9814462098, 9841777604, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

# प्रभाव दैनिक

बिहीबार, १८ वैशाख २०८२ (Thursday, May 01, 2025)





### नायक उप्रेती 'महाराजधिराज'मा अनुबन्ध

चलचित्र 'महाराजधिराज'मा नायक रमेश उप्रेती अनुबन्ध भएका छन् । रमेश मुख्यमध्ये एक भूमिकामा अनुबन्ध भएका हुन् । उनी लामो समयपछि रमेश चलचित्रमा फर्किने भएका छन् । चलचित्र 'ऐश्वर्य'पछि उनले कुनै पनि चलचित्रमा काम गरेका छैनन् । 'महाराजधिराज'लाई परिच्छेद सेनले निर्देशन गर्दै छन् ।



## प्रतिभा पहिचानार्थ 'गण्डकी लोकतारा' हुने




■ प्रभाव संवाददाता

**गण्डकी–** राष्ट्रिय लोक तथा दोहारी गीत प्रतिष्ठान नेपाल, गण्डकी प्रदेश समितिले लोकगायन प्रतियोगिता 'प्रथम गण्डकी लोकतारा' आयोजना गर्ने भएको छ । प्रतिभा पहिचानसँगै लोकसंगीत जगेर्ना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको प्रतिष्ठानको गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष राजन कार्कीले जानकारी दिए ।

उनका अनुसार मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा रहेका प्रतिष्ठानका जिल्ला समितिले आगामी जेठ २० गतेसम्म 'अडिसन' सञ्चालन गरी छनोटमा परेका प्रतिभाको नाम प्रदेश समितिमा पठाउने छन् । 'प्रतियोगिताको फाइनल प्रतिस्पर्धा विश्वसंगीत दिवसको अवसर पारेर आगामी असार ७ गते पोखरामा आयोजना हुने छ,' उनले भने, 'निर्णायकमा लोकसंगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरू रहनुहुने छ ।'

प्रतिष्ठानको प्रदेश कार्यसमितिले पहिलोपटक प्रदेशस्तरीय बृहत् लोकगायन प्रतियोगिता सञ्चालन गर्न लागेको हो । प्रतियोगितामा प्रथम पुरस्कार 'गण्डकी लोकतारा' उपाधिसहित ५१ हजार १११ रूपैयाँ, द्वितीयलाई ३१ हजार १११, तृतीयलाई २१ हजार १११ र सान्त्वना पुरस्कार ११ हजार १११ रूपैयाँ राखिएको छ ।

## महोत्सवमा देशभरबाट कविता पठाउन आह्वान

**काठमाडौं (प्रस)–** नेपाल प्रज्ञा प्रतिष्ठानको ६८औं वार्षिकोत्सवको अवसरमा हुने राष्ट्रिय कविता महोत्सव-२०८२ का लागि कविता पठाउन आह्वान गरिएको छ ।

प्रतिष्ठानले उक्त महोत्सवका देशभरबाट आगामी जेठ २० गतेसम्म कविता पठाउन समय तोकेको हो । प्रतिष्ठानमा उपस्थित भई वा सूचनामा भएको इमेलमार्फत कविता पठाउन सकिने व्यवस्था गरिएको प्रतिष्ठानका वरिष्ठ अधिकृत सुधिर ढुगेलले जानकारी दिए ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आगामी असार ९ गते हुने महोत्सव समावेशी सहभागितामूलक र बहुभाषिक हुने महोत्सवमा तोकिएको समयसिमापछि प्राप्त हुने कविता प्रतियोगितामा समावेश नगराइने जनाइएको छ ।

मुलुकमा प्रचलित सबै भाषा र मातृभाषाका कवितालाई महोत्सवमा समावेश गरिने भए पनि मातृभाषामा पठाएका कविताको नेपाली अनुवाद भने अनिवार्य हुनुपर्ने छ । महोत्सवमा सहभागी हुने कविले कविता पठाउँदा सम्बन्धित प्रदेशसहितको ठेगाना खुलाएर एकप्रति पासपोर्ट साइजको फोटो र सम्पर्क नम्बर प्रतिष्ठानलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

महोत्सवमा प्राप्त भएका कवितामध्येबाट उत्कृष्ट १० कवितालाई जनही ४० हजार रूपैयाँसहित कदरपत्रले पुरस्कृत गरिने छ । प्रतियोगीले आफ्नो कविता कुनै पनि छापा तथा विद्युतीय माध्यमबाट महोत्सव सम्पन्न नभएसम्म प्रकाशन गर्न नपाइने नियम बनाइएको छ ।

# 'ऊनको स्वीटर'मा पूर्वी नेपालको सुन्दरता र संस्कृतिलाई देख्न पाइने

### वैशाख २६ बाट नेपाल तथा विदेशमासमेत प्रदर्शन हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'ऊनको स्वीटर' मा पूर्वी नेपालको सुन्दरता, संस्कृतिलाई देख्न पाइने अभिनेता वीपिन कार्कीले बताएका छन् । चलचित्रको श्रव्यदृश्य (ट्रेलर) सार्वजनिक गर्दै अभिनेता कार्कीले चलचित्रमा 'गुरुङसेनी' युवती र 'काफ्ले ब्राह्मण' युवकबीचको प्रेम सम्बन्धमा आउने जातीय अन्तर्विरोधको कथा समेटिएको बताए ।

उनले भने, 'गीतसंगीतझैँ सरल र सहज कथामा चलचित्र बनेको छ । यसले दुई दशक अगाडिको समयमा फर्काउँछ र त्यसबेलाको एउटा ग्रामीण परिवेशसँग परिचित गराउँछ । यो चलचित्र हेर्नेसँगै अनुभूति गर्ने किसिमको बनेको छ ।'

उनले पछिल्लो समय आइरहेका भन्दा नितान्त भिन्न भूमिकामा आफू चलचित्रमा देखिने बताए । उक्त चलचित्रका निर्देशक नवीन चौहानले चलचित्रमार्फत आफूले कल्पना गरेको संसारलाई दर्शकसम्म पुऱ्याउन लागेको बताए ।

'मैले सोचेको एउटा संसारलाई चलचित्रको पर्दामा ल्याएको छु । यो पात्र र यहाँको परिवेश मेरो कल्पना र यथार्थ हुन् । गीतसंगीतमार्फत कथा भन्दै गर्दा यसपटक ठूलो पर्दामा आएका छौं,' उनले भने ।

पूर्वी नेपालको पाँचथर जिल्लामा छायांकन गरिएको चलचित्रमा अभिनेता कार्कीसँगै अभिनेत्री मिरुना मगर, परीक्षा लिम्बू, बिल्सनविक्रम राई, सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बालगायतका कलाकारले अभिनय गरेका छन् । अभिनेत्री मगरले उक्त चलचित्रमा आँखालाई शीतलता, कानलाई कर्णप्रिय संगीतसहित पाँचथरको एक समाजको कथालाई देखाइएको बताइन् ।

'बाल्यकाल नै विदेशमा बितेकाले होलो, यसपटक छुट्टै संसारमा बाँच्न पाएँ । मैले आफ्नो 'पात्र'अनुसारको भूमिका सफलतापूर्वक पूरा गरेकी छु । चलचित्रले गुरुङ-मगर र बाहुमण समुदायको संस्कृति र आपसी सद्भावलाई झल्काउने कोसिस गरेको छ,' अभिनेत्री मगरले भनिन् ।

उक्त चलचित्रमा गीतसंगीत निर्देशकको भूमिका गायक सुजन चापागाईंले निर्वाह गरेका छन् । उनले चलचित्रमा काम गर्दा नयाँ अनुभव संगालेको बताए । निर्माण पक्षका अनुसार यही वैशाख २६ मा नेपालसहित विदेशमासमेत सो चलचित्र प्रदर्शन हुने छ ।



### पोखरा स्पोर्ट्स् अवार्ड

# चार विधामा मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**कास्की–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले बर्सेनि आयोजना गर्दै आएको पोखरा स्पोर्टस अवार्डको नवौं संस्करण यही वैशाख २६ गते पोखरामा हुँदै छ । मञ्चले बुधबार अवार्डअन्तर्गत चार विधामा मनोनयन सार्वजनिक गरेको छ ।

वर्ष उत्कृष्ट खेलाडी महिलामा भलिबलका अरुणा शाही (म्याग्दी), फेन्सिङका कृपा गुरुङ (स्याङ्जा) र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा (बागलुङ) मनोनयनमा परेका छन् । यसैगरी वर्ष उत्कृष्ट खेलाडी पुरुषतर्फ भलिबलका विश्वास अधिकारी (नवलपुर), टेनिसका प्रदीप खड्का (कास्की) र फुटबलका सुमित श्रेष्ठ (कास्की) मनोनयनमा परेका छन् ।

उदीयमान खेलाडीतर्फ एथलेटिक्सका बादल कार्की (बागलुङ), भलिबलका जीतबहादुर सार्की (स्याङ्जा) र क्रिकेटमा रचना चौधरी (कास्की) तथा वर्ष उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका निरज थापा (कास्की), रमेश केसी (स्याङ्जा) र फुटबलका राजेन्द्र तामाङ (कास्की) मनोनयनमा परेका छन् ।




अवार्ड कार्यक्रममार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अभिप्रेरित गर्ने उद्देश्यले बर्सेनि अवार्ड प्रदान गर्दै आइएको मञ्चका अध्यक्ष मानबहादुर घर्तीले बताए ।

अवार्डको तयारीका लागि अध्यक्ष घर्ती संयोजक र राजाराम पौडेल सहसंयोजक रहेको मूल आयोजक समिति तथा विभिन्न १२ वटा उपसमितिका संयोजकसमेत चयन गरेको छ । आर्थिक संकलन उपसमिति संयोजकमा विमल तिवारी, प्रचारप्रसार उपसमिति संयोजकमा राजु गिरी, अन्तर्राष्ट्रिय समन्वय उपसमिति संयोजक दीननाथ बराल, संघसंस्था समन्वय उपसमिति संयोजकमा कृष्ण दवाडी र स्वयंसेवक परिचालन उपसमिति संयोजक प्रवीन मगर रहेका छन् ।

यसैगरी सांस्कृतिक कार्यक्रम उपसमिति संयोजक राजाराम पौडेल, स्वागत सत्कार उपसमिति संयोजक एकराज गिरी, फोटो तथा भिडियोग्राफी उपसमिति वसन्त शेर्पा, क्विक रेस्पोन्स उपसमिति संयोजकमा शशीकुमार पौडेल रहेका छन् ।

मञ्च व्यवस्थापन उपसमिति संयोजकमा सन्देश श्रेष्ठ, चिठीपत्र तथा निमन्त्रणा उपसमिति संयोजकमा कविता घर्ती मगर, मूल्यांकन तथा अनुगमन उपसमिति संयोजकमा रामकृष्ण ज्ञवाली रहेका मञ्चका महासचिव प्रशुराम आचार्य शर्माले जानकारी दिए । खेलाडी तथा खेल क्षेत्रमा क्रियाशीललाई ऊर्जा थप्न मञ्च गण्डकीले वि.सं. २०७२ देखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आएको छ ।

## चर्च ब्वाइज भोजपुर गोल्डकपको सेमिफाइनलमा

**भोजपुर (प्रस)–** आठौं अन्तर्राष्ट्रिय आमन्त्रित मेयर भोजपुर गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत बुधबार भएको अन्तिम क्वाटरफाइनल खेलमा चर्च ब्वाइज युनाइटेड काठमाडौं सेमिफाइनल प्रवेश गरेको छ ।

चर्च ब्वाइज र एलएक्स सिटी मोरङबीच भएको खेलमा निर्धारित समयमा दुवैतर्फबाट गोल हुन नसकेपछि खेललाई पेनाल्टी सुटआउटमा लगिएको थियो । पेनाल्टी सुटआउटमा पनि दुवैतर्फबाट बराबर तीन/तीन गोल भएपछि खेल 'सडनडेथ'मा धकेलियो । चर्च ब्वाइजका तर्फबाट एकराज बुढाथोकी, सामुएल सुनुवार, सुजन बलमपाकीले गोल गरे भने मोरङकातर्फबाट अभिषेक ठकुरी, छिरिङ तामाङ र नवयुग श्रेष्ठले गोल गरे ।

सडनडेथमा चर्च ब्वाइजका लाक्पा पाख्रिनले गरेको गोल नै निर्णायक बन्यो । प्रतियोगिताको म्यान अफ दि म्याच चर्च ब्वाइजका गोलरक्षक विवश चौधरी बने । प्रतियोगिताअन्तर्गत बिहीबारदेखि सेमिफाइनलका खेल हुने छन् । पहिलो खेल सशस्त्र प्रहरी बल नेपाल (एपिएफ) र जर्जियन फुटबल क्लब भारतबीच हुने छ भने शुक्रबारको खेल भगवती स्पोर्टस् क्लब खोटाङ र चर्च ब्वाइज युनाइटेड काठमाडौंबीच हुने आयोजक भोजपुर जिल्ला फुटबल संघले जनाएको छ ।

कूल ४९ लाख रूपैयाँ लागतमा भोजपुर नगरपालिका-७ स्थित रंगशालामा वैशाख १४ गतेदेखि २० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा छिमेकी भारतको जर्जियन फुटबल क्लब, आयोजक भोजपुर जिल्ला फुटबल संघ, सलहेश फुटबल क्लब सिरहा, सशस्त्र प्रहरी बल नेपाल, भगवती स्पोर्टस् क्लब खोटाङ, नवोबुद्ध फुटबल क्लब सप्तरी, चर्च ब्वाइज युनाइटेड काठमाडौं र एलएक्स सिटी मोरङगरी आठ टिमले सहभागिता जनाएका थिए ।

जिल्ला फुटबल संघको आयोजना तथा भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा प्रत्येक वर्ष जिल्ला सदरमुकाममा सञ्चालन हुँदै आएको प्रतियोगिताका विजेता तथा उपविजेताले उपाधिसहित क्रमशः पाँच लाख र तीन लाख रूपैयाँ पाउने छन् । अन्य व्यक्तिगत विधातर्फ पनि सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षकलाई पुरस्कारको व्यवस्था गरिएको आयोजक भोजपुर जिल्ला फुटबल संघका अध्यक्ष प्रविण सुवालले जानकारी दिए । प्रतियोगिताका लागि भोजपुर नगरपालिकाले ३० लाख रूपैयाँ सहयोग गरेको छ । गत वर्षको उपाधि चर्च ब्वाइज युनाइटेड काठमाडौंले जितेको थियो ।



बंगलादेशको पञ्चगढमा एक स्थानीय किसान पाकेको खुर्सानी देखाउँदै । बंगलादेशको सुदूरउत्तरमा अवस्थित पञ्चगढ खुर्सानी खेतीका लागि अनुकूल चिसो हावापानी र उर्वर माटोयुक्त रहेकोले राम्रो उत्पादन हुने गरेको छ । *तस्बिर: सिन्ह्वा*

# रुसका लागि लडिरहेका ६०० उत्तर कोरियाली सैनिक मारिएको दाबी

**सियोल–** प्योङयाङले मस्कोलाई सहयोग गर्न सेना तैनाथ गरेको आधिकारिक पुष्टि गरेपछि युक्रेनविरुद्ध रुसका लागि लडिरहेका करिब ६०० उत्तर कोरियाली सैनिक मारिएको र हजारौं घाइते भएको सियोलका एक सांसदले बुधबार बताएका छन् ।

'अहिलेसम्म उत्तर कोरियाली सैनिकहरूको हताहती अनुमानित चार हजार ७०० रहेको छ, जसमा करिब ६०० जनाको मृत्यु भएको छ,' संसद्को गुप्तचर समितिका सदस्य सांसद ली सेओङ-क्वेनले देशको जासुसी एजेन्सीद्वारा दिइएको ब्रिफिङपछि पत्रकारहरूलाई भने ।

उत्तर कोरियाले सोमबार पहिलोपटक रुसमा सेना तैनाथ गरेको पुष्टि गरेको छ । सरकारी समाचार एजेन्सी केसिएनएले प्योङयाङका सैनिकहरूले मस्कोलाई रूसी सीमावर्ती क्षेत्र कुर्स्कमा युक्रेनी नियन्त्रणमा रहेको क्षेत्र पुनः प्राप्त गर्न मद्दत गरेको रिपोर्ट गरेको छ ।

सियोल र वासिङ्टनले प्योङयाङलाई सहयोगका लागि थप सेना र हतियार पठाएको आरोप लगाए पनि दुवै देशबाट महिनौंको आधिकारिक मौनतापछि मस्कोले उत्तर कोरियाको सहभागितालाई छुट्टै पुष्टि गरेको थियो । यस वर्ष करिब दुई हजार सैनिकलाई आणविक हतियार भएको उत्तर कोरियामा फिर्ता लगिएको लीले बताए । उनीहरूलाई अहिले प्योङयाङ र देशभरका अन्य स्थानहरूमा एकान्तवासमा राखिएको बताइएको छ ।

'मारिएका सैनिकका शवहरू उत्तरमा फिर्ता लैजानुअघि स्थानीयरूपमा कुर्स्कमा जलाइएको बुझिएको छ,' लीले भने, 'उत्तर कोरियाले दुई चरणमा १८ हजार सेना परिचालन गरेर रुसलाई कुर्स्क पुनः कब्जा गर्न सहयोग गर्‍यो ।' मार्चदेखि यस क्षेत्रमा झडपको संख्या घटेको छ । उनका अनुसार उत्तर कोरियाली सेनाभित्र अत्यधिक मदिरा सेवन र चोरीसहित दुर्व्यवहारका खबरहरू आएका छन् ।

### युद्ध क्षमता उल्लेखनीय रूपमा सुधारिएको

दक्षिण कोरियाले सैनिक खटाउने कार्यको पटक-पटक आलोचना गरेको छ र युक्रेनविरुद्धको रुसको युद्धमा सहयोग गर्न मिसाइलसहित कन्टेनर-लोड हतियार पठाएकामा उत्तर कोरियाको आलोचना गरेको छ ।

सियोलले दाबी गरेअनुसार बदलामा आणविक-सशस्त्र उत्तर कोरियाले रूसबाट उल्लेखनीय प्राविधिक सहयोग प्राप्त गरेको छ । यसबाहेक छ महिनाको लडाइँपछि सियोलको नेसनल इन्टेलिजेन्स सर्भिसले उत्तर कोरियाली सेनाको 'युद्ध क्षमतामा उल्लेखनीय सुधार भएको' अनुमान गरेको लीले बताए ।

'प्रारम्भिक अनुभवहीनता घटेको छ र उनीहरू ड्रोनसहित नयाँ हतियार प्रणाली प्रयोग गर्नमा बढी दक्ष भएका छन्,' उनले भने । उत्तर कोरियाले रुसमा थप सैनिकहरू पठाउन सक्छ भन्ने कुरालाई 'पूर्णरूपमा अस्वीकार' गर्न सम्भव नभएको लीले बताए । उत्तर कोरियाको अभिजात स्टर्म कर्प्सबाट रुस पठाइएको सेनालाई बन्दी बनाउनुको सट्टा आत्महत्या गर्ने आदेश दिइएको सियोलले यसअघि बताएको थियो ।

सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि मस्को र प्योङयाङले आफ्ना सैन्य सहयोग बढाएका छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियाको दुर्लभ भ्रमण गर्दा दुई देशले गत वर्ष आपसी रक्षा खण्डसहित व्यापक सैन्य सम्झौतामा हस्ताक्षर गरेका थिए । प्योङयाङले गत वर्ष संयुक्त राष्ट्रसंघको प्रतिबन्धको उल्लंघन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो ।

युक्रेनविरुद्ध प्रयोगका लागि रुसलाई निर्यात गर्न आणविक हतियार भएको उत्तर कोरियाले हतियारको परीक्षण गरिरहेको हुनसक्ने विज्ञहरूले चेतावनी दिएका छन् । *रासस/एएफपी*

# चीनको शेनझाउ-१९ अन्तरिक्षयात्रीहरू पृथ्वीमा फर्किए



**बेइजिङ–** तीन चिनियाँ अन्तरिक्षयात्री बुधबार पृथ्वीमा फर्किएको सरकारी मिडिया फुटेजले देखाएको छ । चीनको अन्तरिक्ष स्टेसनमा छ महिना बिताएपछि उनीहरू पृथ्वीमा फर्किएका हुन् । चीन आफूलाई एक प्रमुख अन्तरिक्ष शक्तिका रूपमा स्थापित गर्ने लक्ष्यतर्फ अघि बढिरहेको छ । बेइजिङले हालैका वर्षहरूमा आफ्नो अन्तरिक्ष कार्यक्रममा अर्बौं डलर खर्च गरेको छ र सन् २०३० सम्ममा चन्द्रमामा चालक दल मिसन उडान गर्ने र अन्ततः चन्द्रमाको सतहमा आधार निर्माण गर्ने लक्ष्य राखेको छ ।

यसको पछिल्लो प्रक्षेपणले गत हप्ता तीन अन्तरिक्षयात्रीलाई टियांगोङ अन्तरिक्ष स्टेसनमा पुर्‍याएको थियो, जसले शेनझाउ-२० मिसनको सुरुआत गरेको छ । उनीहरूले शेनझाउ-१९ चालक दलका चाई सुझे, सोङ लिङडोङ र वाङ हाओजेको स्थान लिएका छन्, जसको ल्याण्डिङ क्याप्सुल बुधबार उत्तरी इनर मंगोलिया क्षेत्रमा अवतरण गरेको थियो ।

राज्य प्रसारक सिसिटिभीका तस्बिरहरूले क्याप्सुल रातो र सेतो धारीदार प्यारासुटमा जोडिएको क्याप्सुल खैरो मरुभूमिको धुलोको बादलमा छुनुअघि नीलो आकाशबाट तल झरेको देखाइएको छ । यसका यात्रीहरूले अक्टोबरदेखि अन्तरिक्ष स्टेसनमा काम गरेका थिए । त्यहाँ उनीहरूले प्रयोगहरू गरे र सबैभन्दा लामो अन्तरिक्ष हिँडाइको नयाँ रेकर्ड कायम गरे ।

चिनियाँ अधिकारीहरूका अनुसार चालक दल मंगलबार फर्कने कार्यक्रम थियो तर अवतरणस्थलमा खराब मौसमका कारण मिसन स्थगित गरिएको थियो । चिनियाँ म्याण्ड स्पेस एजेन्सी (सिएमएसए) का अनुसार प्रक्षेपणको समयमा ३५ वर्षीया वाङ चीनको एकमात्र महिला स्पेसफ्लाइट इञ्जिनियर थिइन् । पूर्ववायुसेना पाइलट ४८ वर्षीय कमाण्डर चाईले यसअघि सन् २०२२ मा शेनझाउ-१४ मिसनको हिस्साको रूपमा टियांगोङगमा सेवा गरिसकेका छन् । ३४ वर्षीय पूर्ववायुसेना पाइलट सोङले चीनमा लोकप्रियरूपमा 'टाइकोनट्स' भनिने अन्तरिक्षयात्रीहरूको समूह पूरा गरे । *रासस/एएफपी*

# 'ठोस प्रस्ताव' नगरे रुस-युक्रेन प्रयासबाट हट्ने अमेरिकाको धम्की




**वासिङ्टन–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले मंगलबार यदि रूस र युक्रेनले 'ठोस प्रस्तावहरू' अघि नसारे अमेरिकाले मध्यस्थता छाड्ने चेनावनी दिएका छन् । उनका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रारम्भिक प्राथमिकतामा अमेरिकी धैर्य कम हुँदै गएको छ ।

ट्रम्पले ह्वाइट हाउसमा फर्केको पहिलो २४ घण्टामै युद्ध अन्त्य गर्ने वाचा गरेका थिए तर उनले कार्यालयमा १०० दिन मनाउँदै गर्दा रुबियोले प्रशासनले चाँडै अन्य मुद्दामा ध्यान दिनसक्ने सुझाव दिएका छन् ।

'हामी अहिले यस्तो समयमा छौं जहाँ यो द्वन्द्व कसरी अन्त्य गर्ने भन्नेबारे दुई पक्षले ठोस प्रस्तावहरू दिन आवश्यक छ,' विदेश मन्त्रालयका प्रवक्ता टेमी ब्रुसले पत्रकारहरूलाई भने, 'यदि प्रगति भएन भने हामी यस प्रक्रियामा मध्यस्थकर्ताका रूपमा पछि हट्ने छौं ।'

उनले यो रुबियोबाट आएको सन्देश भएको बताए । उनले कूटनीतिमा अगाडि बढ्ने कि नबढ्ने भन्ने अन्तिम निर्णय ट्रम्पमाथि निर्भर हुने बताए । मंगलबार राष्ट्रपति ट्रम्पले आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिन अझै पनि युक्रेनसँग शान्ति सम्झौता गर्न चाहन्छन् भन्ने संकेत दिए । एबिसी टेलिभिजनसँगको अन्तर्वार्तामा पुटिन शान्ति चाहन्छन् कि भनेर सोधिएको प्रश्नमा ट्रम्पले भने, 'मलाई लाग्छ उहाँले चाहनुहुन्छ ।'

पुटिनले हालै द्वितीय विश्वयुद्धको अन्त्यको ८०औं वार्षिकोत्सवका लागि आगामी हप्ता मस्कोको सम्झनामा तीन दिने युद्धविरामको प्रस्ताव राखेका छन् । तर उनले युक्रेन-समर्थित ३० दिनको युद्धविरामको अमेरिकी आह्वानलाई अस्वीकार गरेका थिए । संयुक्त राज्य अमेरिकाले 'तीन दिनको क्षण होइन जहाँ तपाईं केही अरू मनाउन सक्नुहुन्छ- पूर्ण, दिगो युद्धविराम र द्वन्द्वको अन्त्य' चाहेको ब्रुसले बताए ।

### दबाबको माध्यम

रुबियो वास्तवमै पृष्ठ पल्टाउन तयार छन् वा दुई देशमाथि दबाब दिन खोज्दै छन् भन्ने अझै अस्पष्ट छ । संयुक्त राज्य अमेरिकाले पहिले नै एक ढाँचा प्रस्ताव तयार पारेको छ जुन युक्रेनीहरूले रूसी मागहरू अगाडि झुकेको महसुस गर्छन् ।

ट्रम्पले सन् २०१४ मा क्रिमियाको रूसको अधिग्रहणलाई आधिकारिक मान्यता दिने सुझाव दिएका छन् । उक्त सुझावलाई लगभग सम्पूर्ण विश्वले अस्वीकार गरेको छ ।

'हामी सबै यो युद्ध निष्पक्षरूपमा समाप्त होस् भन्ने चाहन्छौं- पुटिनलाई कुनै पुरस्कार नदिई, विशेषगरी कुनै जमिन नदिई,' युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले पोल्याण्डमा भएको एक कार्यक्रममा मंगलबार भिडियो कन्फरेन्समार्फत भने ।

युद्धक्षेत्रमा र कूटनीतिकरूपमा ट्रम्प मेलमिलाप गर्न उत्सुक भएकाले धेरै विशेषज्ञका अनुसार मस्कोले अहिले उच्च हात देख्दै गरेको विश्वास गर्दै रूसले पनि प्रस्तावमा कदम बढाएको छैन । संयुक्त राष्ट्रसंघका लागि रुसका राजदूत भासिली नेबेञ्जियाले जेलेन्स्कीलाई दोष दिने प्रयास गरे र रूसले संयुक्त राज्य अमेरिकासँग कुरा गरिरहने बताए ।

'जेलेन्स्की द्वन्द्व बढाउन दृढ हुनुहुन्छ, उहाँ संयुक्त राज्य अमेरिकाका सन्तुलित शान्ति प्रस्तावहरूलाई लापरवाही तरिकाले अस्वीकार गर्दै हुनुहुन्छ,' नेबेञ्जियाले संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकमा भने । अमेरिकी कूटनीतिज्ञ जोन केलीले अमेरिकी ढाँचामा काम गर्दा दुवै पक्षलाई फाइदा हुने भन्दै युक्रेनमा रुसी आक्रमणको निन्दा गरेको बताए । 'अहिले रुससँग स्थायी शान्ति प्राप्त गर्ने ठूलो अवसर छ,' उनले भने ।

सन् २०२२ फेब्रुअरीको आक्रमणमा पुटिनलाई टाढा राखेकोमा आफ्ना पूर्ववर्ती जो बाइडेनको आलोचना गर्दै ट्रम्पले रुसी नेतासँग टेलिफोनमा सम्पर्क गरे र आफ्नो व्यापारिक मित्रबाट विश्व भ्रमण गर्ने राजदूत बनेका स्टिभ विटकफलाई उनीसँग भेट्न पठाएका छन् । फेब्रुअरी २८ मा ह्वाइट हाउसमा भएको बैठकमा ट्रम्पले जेलेन्स्कीलाई दोष दिएका थिए । उनी र उपराष्ट्रपति जेडी भान्सले बाइडेनको नेतृत्वमा पठाइएको अमेरिकी हतियारका लागि युद्धकालीन नेतालाई कृतज्ञता नदेखाएको आरोप लगाएका थिए ।

युक्रेनले अमेरिकी कूटनीतिक प्रयासहरूलाई समर्थन गरेर र संयुक्त राज्य अमेरिकाले देशको अधिकांश खनिज सम्पदा नियन्त्रण गर्ने सम्झौताको खोजी गरेर छिट्टै सुधार गर्ने प्रयास गर्‍यो ।

### गम्भीररूपमा अव्यवस्थित वार्ता

'रूसद्वारा क्रिमियाको अवैध अधिग्रहणलाई मान्यता दिनुले मस्को र बेइजिङबाट थप आक्रमणलाई निम्त्याउने छ,' सिनेटको विदेश सम्बन्ध समितिका शीर्ष डेमोक्रेट अमेरिकी सिनेटर जीन शाहिनले मंगलबार भने, 'मैले राष्ट्रपति ट्रम्पलाई युक्रेनमा न्यायपूर्ण र स्थायी शान्ति वार्ता गर्न ठाउँ दिने प्रयास गरेको छु, जुन हामी दुवैको साझा लक्ष्य हो ।'

'यद्यपि यो युद्ध अन्त्य गर्न महत्त्वपूर्ण भए पनि रुसलाई एकपछि अर्को छुट दिँदै, हाम्रो प्रभाव गुमाउँदै र हाम्रा मित्रराष्ट्रहरूसँगको एकजुट मोर्चालाई विभाजित गर्दै राष्ट्रपति ट्रम्प र उनको टोलीले यी वार्ताहरूलाई घातक रूपमा गलत व्यवस्थापन गरेका छन्,' उनले भने ।

युक्रेनले मंगलबार पूर्वी ड्निप्रोपेट्रोभस्क क्षेत्रका सात गाउँ खाली गर्न आदेश दिएको छ । यी गाउँ पहिले फ्रन्टलाइनबाट टाढा थिए तर अहिले रूसी सेनाहरू नजिक हुँदा खतरामा परेका छन् । गत हप्ता किएभको आवासीय क्षेत्रमा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार भएको थियो । यो आक्रमणपछि राजधानीमा भएको सबैभन्दा घातक आक्रमण हो । सन् २०२२ मा आफू सत्तामा भए पुटिनले युक्रेनमाथि आक्रमण नगर्ने दाबी गरेका ट्रम्पले आक्रमणपछि सामाजिक सञ्जालमा 'भ्लादिमिर, रोक्नुहोस्' लेखेका थिए । *रासस/एएफपी*

# भारतीय होटलमा आगलागी, १५ जनाको मृत्यु



**कोलकाता–** भारतको कोलकाता सहरको एक होटलमा भीषण आगलागी हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको प्रहरीले बुधबार बताएको छ । आगलागी भएको होटलमा केही मानिस बच्नका लागि झ्यालबाट बाहिर र छतमा चढेर निस्किएका थिए ।

होटलको कोठा र छतबाट धेरै मानिसलाई उद्धार गरिएको कोलकाताका प्रहरी प्रमुख मनोज वर्माले मंगलबार साँझ आगलागी भएपछि बताए । 'दुई बालबालिका र एक महिलासहित मृतकको संख्या १५ पुगेको छ,' आगलागीको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिएको जानकारी दिँदै वर्माले भने, 'होटल ग्यास च्याम्बरमा परिणत भयो र धेरै मानिसको निस्सासिएर मृत्यु भएको देखिन्छ ।'

आगलागी हुँदा ८८ जना पाहुना रहेको ऋतुराज होटल कोलकाताको केन्द्रीय भागको एक भीडभाड व्यापारिक क्षेत्रमा अवस्थित छ । करिब एक दर्जन मानिस जलेर घाइते भएका छन् र उपचार गराइरहेका छन् ।

भारतमा अग्नि नियन्त्रण उपकरणको अभाव र सुरक्षा नियमहरूको नियमित उपेक्षाका कारण भवनमा आगलागी हुने घटनाहरू सामान्य छन् । गत वर्ष पूर्वी राज्य बिहारको पटनामा एक होटलमा आगलागी हुँदा छ जनाको मृत्यु भएको थियो । कोलकाताको भवनबाट आगोको ज्वालाहरूको भिडियो फिल्म खिचेको प्रेस ट्रस्ट अफ इण्डियाले 'धेरै मानिस भवनको झ्याल र साँघुरो किनारबाट भाग्ने प्रयास गरिरहेको देखिएको थियो' भनी रिपोर्ट गरेको छ । कोलकाताको द टेलिग्राफ अखबारले आगोबाट बच्न खोज्दा 'छतबाट हामफालेका एक जनाको मृत्यु भएको' बताएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारहरूप्रति समवेदना प्रकट गरेका छन् । 'घाइतेहरू चाँडै निको होउन्,' उनको कार्यालयले एक विज्ञप्तिमा भन्यो । एक करोड ५० लाखभन्दा बढी जनसंख्या भएको कोलाकाता पश्चिम बंगाल राज्यको राजधानी हो । पश्चिम बंगाल विपक्षी तृणमूल कांग्रेस पार्टीद्वारा शासित छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १८८१०० | प्रति तोला - ० | प्रति तोला - १९६५ |



**बड्कापथ सिचाइ आयोजनाको नहर** | **बड्कापथ सिँचाइ आयोजनाअन्तर्गत देउखुरीको गढवा गाउँपालिका-१ स्थित बडहरामा निर्माण गरिएको नहर । राप्ती नदीको पानी दक्षिण किनाराबाट नहरमार्फत् दक्षिण देउखुरीका धेरै जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले सुरु गरिएको यो आयोजनाको नहर करिब ३० किलोमिटर लामो हुने बताइएको छ ।** *तस्विर: कुलदीप न्यौपाने/रासस*

# लगातार तेस्रो दिन घट्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा लगातार तेस्रो दिन बुधबार पनि गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक ८.१४ अंकले घटेर दुई हजार ६२३.८३ को बिन्दुमा कायम भएको हो ।

बुधबार ३१४ कम्पनीको दुई करोड ४६ लाख ४१ हजार २६१ कित्ता सेयर ७९ हजार ७७७ पटक खरिदबिक्री हुँदा नौ अर्ब ३७ करोड ४१ लाख २२ हजार ६५५ रूपैयाँबराबरको कारोबार भएको हो । बुधबारको कारोबारमा जलविद्युत् समूह ०.६१, लघुवित्त ०.०४, म्युचुअल फण्ड ०.२३ र व्यापार समूह ०.४० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ ०.७०, विकास बैंक १.०६, वित्त १.२४, होटल तथा पर्यटन ०.५० र लगानी ०.११ प्रतिशतले घटेको छ । त्यस्तै, लगानी ०.११, जीवन बिमा ०.०७, उत्पादन तथा प्रशोधन ०.७२, निर्जीवन बिमा ०.१८ र अन्य समूह १.१६ प्रतिशतले घटेको छ ।

बुधबार समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने भूगोल इनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा यस दिन सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको ५८ करोड चार लाख २४ हजार रूपैयाँबराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड प्रमोटरको १४ लाख ४२ हजार ८८५ कित्ता सेयर किनबेच भएको छ ।

# आर्थिक वृद्धिदर र अर्थतन्त्रको आकार बढ्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को आर्थिक वृद्धिदर ४.६१ प्रतिशत र मुलुकको अर्थतन्त्रको आकार ६१ खर्ब सात अर्ब रूपैयाँ पुग्ने अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार आर्थिक वर्ष २०८१/८२ को वार्षिक राष्ट्रिय लेखा तथ्यांक सार्वजनिक गर्दै यस्तो अनुमान सार्वजनिक गरेको हो ।

कार्यालयकाअनुसार यस आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी) ६१ खर्ब सात अर्ब पुग्ने अनुमान गरिएको छ । यो उपभोक्ता मूल्यमा आधारित भई मापन गरिएको जिडिपीको आकार हो । तथ्यांक कार्यालयले अघिल्लो वर्षको वास्तविक र गत वर्षको संशोधित जिडिपीको आकार पनि सार्वजनिक गरेको छ । जसअनुसार अघिल्लो आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार ५३ खर्ब ६७ अर्ब रहेको छ । त्यस्तै, गत आर्थिक वर्ष २०८०/८१ को अर्थतन्त्रको आकार ५७ खर्ब नौ अर्बबराबर रहेको कार्यालयले जनाएको छ ।




- आर्थिक वृद्धिदर ४.६१ प्रतिशत र मुलुकको अर्थतन्त्रको आकार ६१ खर्ब सात अर्ब रूपैयाँ पुग्ने अनुमान
- कृषि क्षेत्रको योगदान ३.२८ प्रतिशत र गैरकृषि क्षेत्रको ४.२८ प्रतिशत रहने
- प्राथमिक क्षेत्र ३.२५, द्वितीय क्षेत्रको ४.६५ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत रहने
- प्रतिव्यक्ति कूल राष्ट्रिय आय एक हजार ५१७ अमेरिकी डलर हुने

त्यसैगरी, चालु आर्थिक वर्ष २०८१/८२ को आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत रहने अनुमान गरिएको छ । गत आर्थिक वर्ष नेपालले ३.९९ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको थियो ।

चालु आर्थिक वर्षमा कृषि क्षेत्रको योगदान ३.२८ प्रतिशत र गैरकृषि क्षेत्रको ४.२८ प्रतिशत रहने तथ्यांक कार्यालयले जनाएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको वृद्धिदर ३.३५ प्रतिशत र गैरकृषि क्षेत्रको वृद्धिदर ३.३६ प्रतिशत रहेको थियो । त्यस्तै, चालु आवमा प्राथमिक क्षेत्र ३.२५, द्वितीय क्षेत्रको ४.६५ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत रहने अनुमान गरिएको छ ।

निरन्तर दुई आर्थिक वर्षमा नकारात्मक वृद्धिदर देखिएको उद्योग र निर्माण क्षेत्रमा यस वर्ष भने सकारात्मक वृद्धि देखिने अनुमान गरिएको छ । गत आर्थिक वर्ष उद्योग क्षेत्रमा २.०२ प्रतिशत र निर्माण क्षेत्रमा २.२० प्रतिशतको ऋणात्मक वृद्धि देखिएको थियो । तर यस वर्ष उद्योग क्षेत्र ३.७८ प्रतिशत र निर्माण क्षेत्र २.२१ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा सबैभन्दा धेरै वृद्धिदर विद्युत् तथा ग्यास क्षेत्रमा देखिने अनुमान गरिएको छ । विद्युत् क्षेत्रमा १३.८२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

त्यस्तै, चालु आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कूल राष्ट्रिय आय एक हजार ५१७ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरिएको छ । त्यस्तै, गत आर्थिक वर्ष प्रतिव्यक्ति कूल राष्ट्रिय आय एक हजार ४६७ अमेरिकी डलर रहने संशोधित अनुमान रहेको छ ।

प्रमुख तथ्यांक अधिकारी मधुसुदन बुर्लाकोटीले कोभिड-१९ महामारी, जाजरकोट भूकम्प तथा बाढी पहिरोका कारण अघिल्ला वर्षहरूमा कमजोर देखिएको आर्थिक वृद्धिदरमा अहिले निरन्तर सुधारको गति देखिएको बताए ।

## कर्पोरेट

### सिद्धार्थ बैंकको सहयोगमा विद्यालय भवन पुनर्निर्माण सुरू



**काठमाडौं (प्रस)–** सानीभेरी गाउँपालिका-१, रुकुमपश्चिमस्थित श्री जनप्रिय आधारभूत विद्यालयको भवन पुनर्निर्माणमा सिद्धार्थ बैंक लिमिटेडले सहयोग गरेको छ । भवनको बुधबार शिलान्यास गरिएको छ ।

गत कात्तिक १७ गतेको भूकम्पले क्षतिग्रस्त बनेको उक्त विद्यालयको भवन पुनर्निर्माण गर्न लागिएको हो । क्षतिग्रस्त दुई वटा भवनमध्ये एउटा भवन सिद्धार्थ बैंकको सहयोगमा पुनर्निर्माण कार्य अघि बढेको छ । कूल १७५ जना विद्यार्थी अध्ययनरत रहेको यस विद्यालयमा कक्षा ८ सम्मको पठनपाठन सञ्चालन भइरहेको जानकारी दिइएको छ ।

शिलान्यास कार्यक्रममा सानीभेरी गाउँपालिका, रुकुमपश्चिमका अध्यक्ष विर्खबहादुर विष्ट, उपाध्यक्ष कमला रोका पुन, वडा नं. १ का अध्यक्ष टेकबहादुर पुन, सिद्धार्थ बैंक मुसिकोट शाखाका शाखा प्रबन्धक ओपेन्द्र विष्टलगायतको उपस्थिति रहेको थियो । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालय भवन निर्माणका लागि सहयोग गरेको जनाएको छ ।

### एनआइएमबी स्टक मार्केट्सले ल्यायो नयाँ टिएमएस

**काठमाडौं (प्रस)–** एनआइएमबी स्टक मार्केट्स लिमिटेडले नयाँ ट्रेड म्यानेजमेण्ट सिस्टम (टिएमएस) सञ्चालनमा ल्याएको छ । यही वैशाख १४ गतेदेखि नयाँ टिएमएस औपचारिकरूपमा सञ्चालनमा ल्याएको हो ।

सेयर कारोवारलाई अझ सहज, सुरक्षित र प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको यस आधुनिक प्रणाली प्रयोगकर्ताहरूका लागि उपलब्ध रहेको कम्पनीले जनाएको छ । 'नयाँ टिएमएसको सुरुआतसँगै एनआइएमबी स्टक मार्केट्स लिमिटेडले नेपालको पुँजीबजारमा डिजिटल प्रविधिको प्रयोगमा महत्त्वपूर्ण कदम अघि बढाएको छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

यस प्रणालीमार्फत लगानीकर्ताले अनलाइनमार्फत सेयर खरिद/बिक्री गर्दा वास्तविक समयमा अर्डर राख्न सकिने, रियल टाइम अर्डर प्लेसमेण्ट र पोर्टफोलियो ट्र्याकिङजस्ता सुविधा मोबाइलबाटै लिन सकिने कम्पनीको भनाइ छ ।

### बजाज पल्सर एन १६० र एन १२५ सार्वजनिक




**काठमाडौं (प्रस)–** बजाज पल्सर मोटरसाइकलको दुई नयाँ मोडल एन १६० र पल्सर एन १२५ नेपाली उपभोक्ताका लागि उपलब्ध भएको छ ।

बजाज मोटरसाइकलको नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक बिक्रेता हंसराज हुलास चन्द एण्ड कम्पनी प्रालिले भृकुटीमण्डपमा जारी ग्राण्ड कार्निभलमा नयाँ मोटरसाइकल सार्वजनिक गरेको हो । यी दुई नयाँ मोडलले पावर, प्रविधि र डिजाइनको संयोजनमार्फत बजाजप्रेमीहरूलाई रोमाञ्चक राइडको अनुभव दिने कम्पनीको विश्वास छ ।

'नेपालमा नयाँ पल्सर एन १६० र एन १२५ सार्वजनिक गर्न पाउँदा अत्यन्तै खुसी छौं । पल्सर ब्राण्ड सधैं पर्फमेन्स र इनोभेसनको प्रतीकको रूपमा चिनिन्छ,' गोल्छा ग्रुपका मार्केटिङ हेड अमितराज चालिसेले भने, 'एन १६० ले पावर र डिजाइनअन्तर्गत बजारमा आफ्नो स्थान बनाउँछ भने एन १२५ ले इन्धन सक्षमता र सहज सवारी अनुभवको नयाँ परिभाषा दिने छ ।'

# कोशी प्रदेशमा आजदेखि लगानी सम्मेलन

**विराटनगर (प्रस)–** कोशी प्रदेश सरकारले गर्न लागेको 'लगानी सम्मेलन' को आजदेखि सुरु हुँदै छ । प्रदेश लगानी प्राधिकरणद्वारा बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइयो ।

विराटनगरको वीरेन्द्र सभागृहका सम्मेलनको उद्घाटन आज हुने छ । सम्मेलन भोलिसम्म चल्ने छ । लगानीको हिसाबले प्रचुर सम्भावना रहेको कोशी प्रदेशको समृद्धि र विकासका लागि यो सम्मेलन ऐतिहासिक एवं उलब्धिमूलक हुने अपेक्षा आयोजकले गरेको छ ।

प्राधिकारणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाले सम्मेलनको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने र ७१ परियोजना सोकेसिङ गरिएको र यसको कूल अनुमानित लागत एक खर्ब ७३ अर्ब ४९ करोड रूपैयाँ रहेको जानकारी दिए । उनले लगानीका लागि आठ क्षेत्रका परियोजनामा पर्यटन, कृषि, उद्योग, ऊर्जा, पूर्वाधार, आइटी सेवालगायतका क्षेत्रका परियोजना तयार गरिएको बताए । यसमा नेपाल, भारत, चीन, रुस, अमेरिका, दक्षिण कोरियालगायत पश्चिमी मुलुकका लगानीकर्ताहरूले सहभागी हुने जनाइएको छ ।

लगानी सम्मेलनमा विभिन्न छ वटा विषय कृषि, पर्यटन, औद्योगिक उत्पादन, बजारीकरण, पूर्वाधार विकास, ऊर्जा र स्वास्थ्य सेवा एवं मेडिकल शिक्षामा लगानीका अवसर र सम्भावना विषयमा छलफल हुने र यसलाई सार्थक एवं नतिजामुखी बनाउन सबैको साथ सहायोगको अपेक्षा रहेको कार्यकारी निर्देशक डा. कोइरालाले बताए । आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले लगानी सम्मेलनको सफलतापछि प्रदेशमा रोजगारी अभिवृद्धि हुने र राष्ट्रिय पुँजीको विकास हुने धारणा राखे । उनले लगानी सम्मेलनमा बाधक बन्ने कानुनहरूलाई संशोधन गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेशलाई आर्थिकरूपमा बलियो बनाउन, रोजगारी सिर्जना गर्न र सम्भावित क्षेत्रहरूको विकास गरी पर्यटक भित्र्याउन एवं उत्पादन बढाउन लगानी सम्मेलनले मद्दत गर्ने धारणा राखे ।

# अर्थतन्त्रलाई चलायमान बनाउने बजेट ल्याउन माग

**गण्डकी (प्रस)–** उद्योगी व्यवसायीहरूले सुस्ताएको अर्थतन्त्रलाई गति दिने बजेट ल्याउन माग गरेका छन् । पोखरामा बुधबार आयोजित कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले यस्तो माग गरेका हुन् ।

पोखरा भ्रमणमा रहेको सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलसँग भएको अन्तर्क्रियाका वक्ताहरूले अर्थतन्त्रलाई गतिशील बनाउने किसिमको बजेट अहिलेको आवश्यकता रहेको औंल्याए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निजी क्षेत्र तथा लगानीमैत्री हुनुपर्नेमा जोड दिए । अर्थतन्त्रलाई गति दिने खालका नीति तथा कार्यक्रमले मात्र निजी क्षेत्र उत्साहित हुने बताउँदै उनले यसतर्फ सरकारको ध्यान आकृष्ट हुनुपर्ने आवश्यकता औंल्याए ।

पोखराको पर्यटन उद्योगलाई चलायमान बनाउने खालका कार्यक्रमको अपेक्षा राखिएको उल्लेख गर्दै उनले पोखरा उद्योग वाणिज्य संघले यहाँको शिक्षा, स्वास्थ्य, पर्यटनको विकास तथा कृषिको व्यावसायीकरणका निम्ति निरन्तर पैरवी गर्दै आइरहेको बताए ।

आफूहरूले निजी क्षेत्रको हितमात्र नभई समग्र पोखराको विकासका निम्ति पनि उत्तिकै क्रियाशिल रहेको जानकारी गराए । सिन्धुपाल्चोकका व्यवसायीसँग रहेको हिमालपार व्यापारको अनुभव र त्यसको महत्त्वबारे उल्लेख गर्दै उनले गण्डकी प्रदेशको कोरोला नाका सुचारु हुँदा समग्र गण्डकी क्षेत्रका व्यवसायीको निम्ति नयाँ सम्भावनाको ढोका खुल्ने धारणा राखे ।

कोरोलामा नेपालतिर खासै भौतिक संरचना नबने पनि चीनसँग आयात र निर्यातको काम गर्ने अवसर आएको उनको भनाइ छ । सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले अहिले खासा र रसुवा नाकाबाट निर्यातभन्दा बढी आयात मात्र हुने गरेको जानकारी दिँदै आयातमा आधारित अर्थतन्त्रलाई निर्यातमुखी बनाउनुपर्ने धारणा राखे ।

नेपाल उद्योग वाणिज्य महासंघले जिल्ला तथा नगर उद्योग वाणिज्य संघका समस्याप्रति बढी ध्यान दिनुपर्ने भन्दै उनले महासंघमा वास्तविक समस्या बुझेको व्यक्ति नेतृत्वमा आउनुपर्ने धारणा राखे । पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले देशैभरका उद्योगी/व्यवसायीहरू अहिले एउटै समस्याले पीडित भएको बताउँदै सुस्ताएको बजार चलायनमान बनाउन सरकारलाई निरन्तर दबाब दिनुपर्ने धारणा राखे ।

नेपाल उद्योग वाणिज्य महासंघलाई मोफलसका समस्याप्रति गम्भीर बनाउनका निम्ति जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूको एकताबद्ध प्रयास आवश्यक रहेको उनको भनाइ छ । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, उपमहासचिव सुदीप प्रधानांगलगायतले उद्योगी व्यवसायीका समस्यालाई समाधान गर्ने गरी बजेट आउनुपर्ने धारणा राखे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ